काठमाडौं, जि.प्र.का.
दर्ता नं २३२/०७३/०७४

www.musickhabar.com

# म्यूजिक खबर

Musickhabar Fortnightly Magazine पाक्षिक

वर्ष ८, अंक ७, २० Jan. 01, 2024 मूल्य रु.१५/






# दिपकराजको एक दशक: सङ्गीत सिर्जनामा समर्पित

**सबिता पोखरेल/म्यूजिक खबर**

दिपकराज विश्वकर्मा नेपाली संगीत क्षेत्रमा उदीयमान सङ्गीतकार हुन् । उनी शब्दलाई 'म्यूजिक कम्पोज' गर्छन् । गीत लेख्छन् र आफैं गाउँछन् पनि । आफैं स्टुडियोको मालिक पनि छन्, एरेन्ज र मिक्सिङलाई पनि साथै लगेका छन् । उनीद्वारा सिर्जना गरेका गीतहरू सयभन्दा बढी छन् । दर्जन बढी गीतमा त उनी आफैं सुनिएका छन् । करोड भ्यूज क्रस गरेका गीतहरूको लिस्ट बनाउनु पर्दा पनि उनको गीत समेत त्यो लिस्टमा समावेश हुन्छ । त्यो गीत हो 'सुनैको दरबार' । म्याग्दीबाट चितवन हुँदै हाल काठमाडौं रहँदै आएका उनी संगीतका लागि मरिमेटिरहेका छन् । उनले सांगीतिक क्षेत्रमा एकदशकको यात्रा पुरा गरिसकेका छन् । यो यात्रामा यस्तै झूमाउने र नचाउने अन्य थुप्रै गीतहरू सिर्जना गरिसकेका छन् । प्रतिफल स्वरूप संगीतका लागि वाही वाही त बटुलेकै छन् – अवार्ड, सम्मान र पुरस्कार पनि पाएका छन् । नेपालमा बाल्यवस्थामा कसैले पनि संगीतकार बन्ने सपना देखेको पाईंदैन । मै हुँ भन्ने संगीतकारले पनि गायनबाट नै संगीतकारमा करिअर बनाएको देखिन्छ । हो त्यस्तै दिपकराजले पनि सानो छँदा संगीतकार बन्ने सपना कदापी देखेनन् । उनका सपना अनेकौं थिए । किनभने उनीमा अनेकौं प्रतिभाहरू थिए । उनी गीत त गाउँथे नै, कबिता पनि सुनाउँथे । गजल रचना गर्थे र वाचन गर्थे । कमेडी पनि गर्थे । चितवनको सिनर्जी एफएमको 'सिनर्जी कमेडी च्याम्पियन' उपाधि नै जिते । यसैले हुनुपर्छ अनेकौं क्षमताका धनी उनीमा सपना पनि अनेकौं थिए । टिनएजको उत्तरार्द्धमा आइपुग्दा गायक बन्ने सपनालाई प्राथमिकता दिए । एसएलसी पश्चात् चितवनमै रेडियोमा आरजे भएर काम गरे । दोहोरीसाँझमा पनि २ वर्ष काम गरे । उनको स्वर मीठो थियो, छ । चितवनमा आयोजना हुने सांगीतिक कार्यक्रममा गीत गाउनकै लागि थुप्रै पटक स्टेजमा चढ्ने अवसर पनि पाए । लाइभ गाउँदा, ओर्जिनल गायककै छनक दिन्थे । *बाँकी पृष्ठ ५ मा*








# सगरमाथादेखि वीरल्याण्डको विरासतसम्म: मिङ्मा दोर्जी शेर्पा

**म्यूजिक खबर/काठमाडौं**

सोलुको नाम्चे बजारमा जन्मेर संसारमा चिनिने एउटा नाम हो मिङ्मा दोर्जी शेर्पा । सिङ्गो देश बोकेर हिंडेका मिङ्मा दोर्जी शेर्पा सर्वोच्च शिखर सगरमाथा, शान्तिका अग्रदूत गौतम बुद्ध, वीर गोर्खालीको बहादुरीको साथमा शेर्पाको परिचय बोकेको नेपालको परिचयलाई काँधमा बोकेर हिंडेको एउटा नेपालको छोरो । जसले नेपालको पर्यटन प्रबर्द्धनमा आफ्ना ६६ औं वसन्तलाई सुम्पेको छ । देशको अर्थतन्त्रलाई उचाईमा लैजान पर्यटन प्रबर्द्धन गरेर अघि बढेका मिङ्माको जीवन संघर्षसँगै सफलताका खुड्किलाहरू अघि बढेको देखिन्छ ।

मिङ्मा दोर्जी शेर्पा आफ्ना बाबुको पदचाप पछ्याउँदै सोलुदेखि स्कुले झोला फ्याँकेर खाली खुट्टा हिंडेका पात्र हुन् । मिङ्माले स्कुले पढाईलाई भन्दा पनि जीवनको भोगाईलाई विद्यालयका रूपमा लिएका छन् । सोलुबाट खाली खुट्टा हिंडेको मान्छे, शेर्पाको पहिचानमा बुबाले गरेको पर्यटकको भरियाको जागिर, त्यही बेला मिलेको बुबाको पुरानो जुत्तामा कपडा खाँदेर आफ्ना खुट्टामा लगाएको दिन सबै ताजा स्मरण छन् मिङ्मासँग । पुस्ताहरूसँग नियतीको खेल थियो होला तर मिङ्मा दोर्जीसँग भाग्यको खेल थियो । समयको दौरानमा केही दर्जन रहरहरू छुटे पनि भाग्यले भेटाएको कर्मदातासँग काठमाडौं हुँदै जापानसम्म पुऱ्यायो । मेकानिकल इन्जिनियर बनायो, शिक्षित र दीक्षित बनायो ।

जापानमा सिकेको सीप, शिक्षा र शिल्पलाई नेपालमा ल्याएर रोप्ने एउटा राष्ट्रसेवी हो मिङ्मा दोर्जी शेर्पा । आफू जन्मेको भूमिलाई श्रम, पसिना र परिश्रमले सिंचित गराएर हराभरा बनाउनु र विश्वमा नेपालको पर्यटनलाई चिनाउनु मिङ्मा दोर्जी शेर्पाको उद्देश्य थियो । त्यही उद्देश्यलाई शीरमा बोकेर कर्तव्यको कर्मरेखा नेपालमा कोरेका छन् मिङ्मा दोर्जी शेर्पाले । आज उनैले देशप्रति दिएको योगदानसँगै विश्वबजारमा उनले गरेको पर्यटन प्रबर्द्धनले एउटा उचाई लिएको छ । उनले गरेको श्रम, सिर्जना र शिल्पसँगै पर्यटन प्रबर्द्धनमा खेलेको अहम् भूमिकालाई उच्च मूल्यांकन गर्दै अफ्रिकाको नयाँ राष्ट्र वीरताविल (वीरल्याण्ड)ले पर्यटन दूत हुँदै पर्यटन मन्त्रीसम्म नियुक्त गरेको छ । वीरल्याण्डको राजसंस्था तथा मन्त्रीमण्डलले उनको योगदानलाई वीरल्याण्डको विकासमा लगाउन आतुर रहेको छ । नेपालको विशाल क्षमता बोकेको मिङ्मा दोर्जी शेर्पालाई वीरल्याण्डको बिरासतमा एउटा आधार स्तम्भका रूपमा हेर्न हामी पनि आतुर छौं र वीरल्याण्ड सरकार पनि आतुर छ । बाँकी समाचार पृष्ठ ७ मा



## रिलिज कर्नर

# समीर आचार्य र विन्दु पौडेलको आवाजमा "चट्ट राम्रो"




म्यूजिक खबर । गायक समीर आचार्य र गायिका विन्दु पौडेलको आवाजमा चट्ट राम्रो बोलको नयाँ गीत सार्वजनिक भएको छ। अष्ट्रेलियालाई आफ्नो कर्मथलो बनाएका गायिका पौडेल रआचार्यका थुप्रै गीतहरू सार्वजनिक भइसकेका छन्। विन्दुको यसअघि आई लव यु भन्दिउँला प्यारा र जता जता मायाको पाइलो बोलका गीत सार्वजनिक भइसकेका छन्।

समीरले पछिल्ला केही समयमा सांगीतिक क्षेत्रमा हाबी हुँदै आएका गायक हुन्। उनले 'दुनियाँ बेग्लै छ', 'हैन भन्देऊ न माया', 'पिच रोड', 'लभ लेटर', 'घाममा सुकाइदेऊ', झम्के माया जस्ता दर्जनौं हिट गीत गाएर विदेशबाटै नेपाली सांगीतिक दुनियाँमा परिचय बनाइसकेका छन्। सार्वजनिक चट्ट राम्रो गीतमा शब्द संगीत र म्युजिक एरेन्जमेन्ट गायक आचार्यकै रहेको छ। गीतका भाका र शब्द पुर्वेली र पश्चेमेली मिसाएर गीतलाई लयबद्ध गरिएको छ।

यस गीतको भिडियोमा अहिलेका चर्चित गायक तथा मोडेल चक्र बम र चर्चित मोडेल कुसुम शर्माको केमेस्ट्रीलाई देख्न सकिन्छ। यस भिडियोको निर्देशन तथा कोरियोग्राफी गम्भीर विष्टले गरेका छन्। सार्वजनिक गीतले अहिलेको सुस्ताएको नेपालको म्युजिक बजारलाई यस गीत र भिडियोले केही हदसम्म उजागर गर्ने आशा गरिएको छ।

# खप्तडमा छायाँकन भएका तीन गीत 'दृष्यमा खप्तड-२'




म्यूजिक खबर । खप्तडमा छायांकन गरिएका तीन गीत सार्वजनिक भएका छन्। परराष्ट्र मन्त्री एनपी साउदले पर्यटन बोर्डमा आयोजित एक कार्यक्रमबाट उक्त गीतहरू सार्वजनिक गरेका हुन्। उक्त कार्यक्रममा प्रमुख अतिथि रहेका साउदले सुदूरपश्चिमको पर्यटन प्रबर्द्धनका लागि सिर्जनशील शैली अपनाएको बताए। उनले यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा पर्यटन प्रबर्द्धनका लागि सघाउ पुग्ने उल्लेख गरे।

'दृष्यमा खप्तड, शृंखला – २' मा तीनटा गीतको म्युजिक भिडियो छन्। शिव परियार र नीता आचार्यको स्वरमा रहेको 'जिन्दगी त सँगै जिउने हो' सीडी विजय अधिकारी र नीता आचार्यको स्वरमा रहेको 'गरिदेऊ बिदा', यसैगरी सीडी विजय अधिकारी र अस्मिता अधिकारीको स्वरमा रहेको 'मन्द मन्द' सार्वजनिक गरिएका हुन्। 'जिन्दगी त सँगै जिउने हो' को शब्द र संगीत नै दिपक शर्माको रहेको छ। यसैगरी 'गरिदेऊ बिदा'मा शब्द सागर बास्तोलाको रहेको छ भने संगीत ऋषी खड्काले गरेका हुन् भने 'मन्द मन्द'मा शब्द पद्म लिंखा मगरको रहेको छ भने संगीत राजकुमार बगरको रहेको छ।

तीनवटै गीतमा पुरूष मोडलका रूपमा अभिनय सनम कठायतले गरेका छन्। यसैगरी महिला मोडलका रूपमा स्मारिका ढकाल र सोफिया धरेलले गरेका छन्। म्युजिक भिडियोको निर्देशन जनक सिंहले गरेका हुन् भने सिनेमाटोग्राफी दिपक गिरी एन्ड टिमको रहेको छ। भिडियोको सम्पादन भने विकास दाहाल र अमृत चापागाईंले गरेका हुन्।

सुदूरपश्चिमको अन्य पर्यटकीय क्षेत्रलाई पनि क्रमशः यसैगरी देखाउँदै जानेगरी 'दृष्यमा सुदूरपश्चिम' अभियान घोषणा गरिएको छ। डकुमेन्ट्री, म्युजिक भिडियो, फिल्मलगायतका माध्यमबाट सुदूरपश्चिमको पर्यटन प्रबर्द्धन गरिने उक्त अभियानको नेतृत्व गरिरहेका सनम कठायत र डिबी खड्काले बताएका छन्। कार्यक्रममा पूर्व पर्यटन मन्त्री तथा संघीय सांसद प्रेम आले, सुदूरपश्चिम प्रदेश सदस्य शिवसिंह ओली, पूर्व संविधानसभा अध्यक्ष भरत खड्का, बडिमालिका नगरपालिका प्रमुख अमर खड्का, वरिष्ठ देउडा गायक नन्दकृष्ण जोशी, कांग्रेसका युवा नेता भुपेन्द्रजङ्ग शाही, उद्योग वाणिज्य महासंघ कैलालीका उपाध्यक्ष पुष्कर ओझालगायतले उक्त अभियानलाई शुभकामना दिंदै आफूले सकेको सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्।

# करिश्मालाई विहे गर्ने रहर



**म्यूजिक खबर/काठमाडौं**

नेपाली कलाकारिता क्षेत्रकी एक लोकप्रिय मोडल हुन् मोडल हुन् करिष्मा ढकाल। लोकप्रिय मात्रै होइन उनी व्यस्त पनि उतिकै छिन्। सुन्दर रूपसँगै भिडियोमा देखिने उनको चन्चले स्वभाव, हाउभाउ र नृत्यका कारण पनि उनले थुप्रै फ्यान फलोअर्स कमाउन सफल भएकी छिन्। यतिबेला उनका फ्यान फलोअर्सले खुसीको खबर सुन्न पाउने भएका छन्। घरमा अभिभावकले उमेर पुगेको भन्दै विवाहका लागि दबाब दिइरहँदा मंसीरमा विवाह गर्ने सोच उनीमा पलाएको छ। सुन्दर रूपकी धनि करिष्मा वास्तविक जीवनमा भने कहिले बाजा बजाउँछिन् त्यो त थाहा भएन। यो प्रसंग पनि म्यूजिक भिडियोकै हो। 'बजाउँ कि बाजा' बोलको गीतमा उनले बाजा बजाउने योजनामा आफूलाई प्रस्तुत गरेकी हुन्।

करिष्माको नृत्य तथा अभिनय रहेको गीतको भिडियोलाई निरेन श्रेष्ठले निर्देशन गरेका हुन् भने नितिन वाइवा तामाङले कोरियोग्राफी गरेका हुन्। राम केसीले खिचेको भिडियोमा करिष्मासँगै नबिन न्यौपाने, पार्वती खतिवडा बानियाँ, अनमेश गुरूङ, नितिन वाइबा तामाङ र देश राई लगायतलाई देख्न सकिन्छ। भिडियोमा देखाइएको कथाको परिकल्पना चिरन्जीवी भण्डारीले गरेका हुन्। विष्णु खड्काले सम्पादन गरेर तयार भएको भिडियोलाई चिरन्जीवी भण्डारी युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो।

सरिता थापाको स्वर रहेको उक्त गीतमा बिकास चौधरीले सङ्गीत भरेका हुन्। प्रमोद ढुङ्गानाले शब्द रचना गरेको गीतको एरेन्ज भने बिनोदकुमार भुजेलले गरेका हुन्। त्यस्तै मिक्सिङ तथा मास्टरिङ भने कृष्ण कुमार महर्जनले गरेका हुन्। गीतका रेकर्डिष्ट शुशिल बिक्रम शाह हुन्।

# हरि उप्रेतीको नेतृत्वमा "आप्रवासी नेपाली गीतकार संघ अमेरिका"

**सीतल आचार्य/म्यूजिक खबर**

ओहायो, अमेरिका । प्रवासमा रहेर नेपाली भाषा साहित्यको संरक्षण र श्रीवृद्धिमा निम्ति गीत सृजना मार्फत आफ्नो मौलिक पहिचान जोगाउन सकिने हेतुले उत्तर अमेरिकामा रहनुहुने गीतकार एवं सर्जकहरू द्वारा एक गैर मुनाफा संस्था" इमिग्रेन्ट नेपाली लिरिसिस्ट एसोसिएसन यू एस ए" आप्रवासी नेपाली गीतकार संघ अमेरिकाको स्थापना भएको छ। लोकप्रिय गीतकार हरि उप्रेतीको नेतृत्वमा संस्था स्थापना गरिएको हो। उप्रेतीको नेतृत्वमा रहेको उक्त संस्थामा लोकप्रिय एवं प्रसिद्ध साहित्यकार एवं गीतकार अनु शाह उपाध्यक्षमा महासचिवमा गीतकार नारद रिजाल, कोषाध्यक्षमा गीतकार रमेश लुइँटेल रहेका छन्।

त्यसैगरी बोर्ड अफ डिरेक्टरमा गीतकार डा. राजेश कुमार शाक्य, गीतकार एवं साहित्यकार केशव बैरागी, गीतकार एवं गायक तिलचन आचार्य, गीतकार सुनिता थापा बस्नेत रहनु भएको संस्थाका अध्यक्ष उप्रेतीले जानकारी गराए। चार प्रमुख कार्यकारी समेत रहने गरी जम्मा एघार जनाको बोर्ड अफ डाइरेक्टर रहने उक्त संस्थाको विधानमा उल्लेख रहेको छ। संस्थालाई अभिभाकत्व प्रदान गर्न तथा संस्थालाई सदैव जीवित राख्न प्रमुख संरक्षकमा वरिष्ठ गीतकार एवं साहित्यकार ज्ञानेन्द्र गदाललाई सर्वसम्मत रूपमा संस्थाले चयन गरेको छ। त्यसैगरी अन्तर ाष्ट्रिय संयोजक तथा प्रमुख प्रेस सल्लाहकारमा लोकप्रिय सञ्चारकर्मी सूर्य चन्द रहेका छन् भने नेपाल संयोजकमा म्युजिक भिडियो निर्देशक तथा कार्यक्रम प्रस्तोता प्रहिल कार्कीलाई मनोनयन गरिएको छ।

अमेरिकाको ओहायो राज्यमा संस्थाको केन्द्रीय कार्यालय रहनेछ। त्यसैगरी संस्थालाई भविष्यमा अन्य देशहरू तथा अमेरिकाको विभिन्न राज्यहरूमा पनि शाखा कार्यालय स्थापना गरिने अध्यक्ष हरि उप्रेतीले जानकारी गराए। संस्था स्थापना गर्नुको प्रमुख उद्देश्य परदेशमा वा प्रवासमा रहेका गीतकार तथा





सर्जकहरूलाई आफ्ना सृजना पस्कने आधिकारिक र साझा थलो निर्माण गर्नु रहेको छ।

त्यसका साथै नेपाली गीत सङ्गीतलाई अन्तर्राष्ट्रिय जगतमा चिनाउनु, सृजना मार्फत आफ्नो भाषा साहित्यलाई संरक्षण र प्रवर्द्धन गर्दै पुस्तान्तरण गर्नु रहेको छ। जहाँ र जुन देश अनि परिवेशमा रहे पनि आफ्नो संस्कृति र मौलिक पहिचान सर्वोपरि हुन्छ त्यसको संरक्षण भाषाका माध्यमबाट मात्र सम्भव हुने भएकाले यो संस्थाको आवश्यकता रहेको अध्यक्ष उप्रेतीले जानकारी गराए। आगामी दिनहरूमा नयाँ सर्जकहरूलाई गीत लेखनमा प्रशिक्षण दिई सृजनाको स्तरलाई वृद्धि गर्ने संस्थागत उद्देश्य रहेको बताए।

गीत सृजना मार्फत सर्जकहरूले सामाजिक परिवर्तन गराउन सक्ने र जीवन दर्शनलाई प्रवाहित गर्न सक्ने भएकाले सृजना पस्कन निरन्तर प्रोत्साहन गर्ने प्रवासमा रहेर पनि नेपाली गीत सङ्गीत र साहित्यमा विशिष्ट योगदान पुर्याउने स्रष्टालाई सम्मान गर्दै अगाडि बढ्ने अर्को महत्त्वपूर्ण उद्देश्य रहेका छन्।

हाल सम्म संस्थाले प्राप्त गर्नु पर्ने आधिकारिक प्रमाणपत्र राज्य सरकारबाट प्राप्त भइसकेको र आन्तरिक राजस्व विभागबाट पनि मान्यता प्रदान गरेको कुरा अध्यक्ष उप्रेतीले जानकारी गराएका छन्।

# हजारौं गीत लेखेका डिपी खनालका लागि गीतकार संघ नेपालको अपिल




गीतकार सङ्घ नेपाल
Lyricists' Association of Nepal

म्यूजिक खबर/काठमाडौं

राष्ट्र तथा जनताका हरेक परिवर्तनमा गीत, संगीतले अत्यन्त महत्वपुर्ण भूमिका खेलेको सर्वविदितै छ । सामान्यरूपले जीवन चल्दासम्म ठिकै छ, तर जब स्वास्थ्यमा कुनै गम्भीर रूपले समस्या आइलाग्छ तब थाहा हुन्छ नेपालमा कलाकारको आम्दानी र अवस्थाप्रति । व्यक्ती-व्यक्तिदेखी पार्टी र सरकारसम्मलाई नभई नहुने संगीतकर्मीहरूको भने गीत सङ्गीत सृजनाबाट आर्थिक आम्दानीको मुहान नै सुकेको देखिन्छ । सोही कारण सङ्गीत, नाट्य, नृत्य विधाका कलाकारहरू आर्थिक अभावका कारण गम्भीर बिरामी पर्दा उपचार गराउन नसक्ने अवस्थामा पुगेका थुप्रै घटना छन् ।

यहि क्रममा पछिल्लो समय व्यस्त गीतकारका रूपमा चिनिएका डिपी खनाल पनि अस्वस्थ्य भएको समाचार केहि दिन देखी प्रचार प्रसार भइरहेको छ । उनी करिव डेढ महिनादेखि अस्वस्थ छन् । गत कात्तिक ३० गते अचानक स्वास्थ्यमा समस्या आएपछि पाटन अस्पताल भर्ना भएका गीतकार खनाल अहिले पनि उपचारकै क्रममा रहेका छन् । हालसम्म पनि पूर्ण रूपले स्वास्थ्यमा सुधार नआएकाले उपचारकै अवस्थामा रहेका गीतकार खनालको उपचारका क्रममा फोक्सो तथा ढाडमा रगतका साथै पिप समेत जमेको पत्ता लागेको थियो ।

उनको अहिले पनि उपचार जारी रहेको तथा स्वास्थ्यमा केही सुधार आए पनि फोक्सो तथा ढाडमा रगत तथा पिप जम्नुको कारण यकिन नभएको तथा त्यसका लागि कति समय उपचार गर्नु पर्ने हो भन्ने कुरासमेत अनिश्चित रहेको उनको उपचारमा संलग्न चिकित्सकहरूको भनाइ रहेको छ । यसैबीच, नेपाली गीतकारहरूको छाता संगठन गीतकार संघ नेपालले गीतकार खनालको जीवन-रक्षाका लागि आर्थिक सहयोग प्रदान गर्न स्वदेश तथा विदेशमा रहेका सर्जक, कलाकार, प्राविधिक, संघ-संस्था तथा संगीतप्रेमी नेपालीहरूमा अपील गरेको छ ।

झण्डै डेढ महिनादेखिको अस्पतालको उपचारका क्रममा ठूलो धनराशी खर्च भईसकेको तथा खर्चको अभाव हुँदै गएको जानकारी प्राप्त भएको संघले जनाएको छ । संघका अध्यक्ष वसन्त बित्यासी थापा, सल्लाहकार राजेन्द्र थापा, उपाध्यक्ष रमेश कोईराला, महासचिव टिका राई 'शिव', कोषाध्यक्ष चेतन खतिवडासहितको समुहले पाटन अस्पतालमा उपचाररत गीतकार खनाललाई भेटेर स्वास्थ्य स्थितिको बारेमा जानकारी लिएपछि संघको तर्फबाट नगद २५ हजार रूपैयाँ आर्थिक सहयोगसमेत गरिएको छ । गीतकार खनालले आफ्नै स्रोतबाट मात्र उपचार खर्च जुटाउन सम्भव नदेखिएको भन्दै उनको जीवन रक्षाका लागि व्यक्तिगत र संस्थागत रूपमा यथासक्य आर्थिक सहयोग गर्न स्वदेश तथा विदेशमा रहेका सर्जक, कलाकार, प्राविधिक एवं समग्र सङ्गीतप्रेमी नेपालीहरूमा गीतकार संघ नेपालले हार्दिक अपिल गरेको छ । ईच्छुक दाताहरूले सोझै गीतकार संघ नेपालको नाममा एभरेष्ट बैंकमा रहेको खाता नम्बर ००१००१०५२००८४७ मा जम्मा गर्न अथवा संघका अध्यक्ष वसन्त बित्यासी थापा ९९८४९६११२३९०, महासचिव टिका राई 'शिव' ९९८५२८९०३८३० र कोषाध्यक्ष चेतन खतिवडा ९९८५११६७२९२० लाई सम्पर्क गरी नगद नै सहयोग गर्न सक्ने कुरा समेत जानकारी गराईएको छ ।

गीतकार संघको यो अभियानलाई साथ दिंदै संघका सल्लाहकार तथा बिशिष्ट गीतकार राजेन्द्र थापाले सहयोग अपिल गर्दै ५००० हजार सहयोग गरेका छन् । यो सँगै सरोज अर्याल १,०००, महेश आचार्य ५,१००, सरला श्रेष्ठ २५,०००, विष्णु भण्डारी २,०००, प्रदिप प्रखर पोखरेल १,०००, रमेश दाहाल १,५००, अम्विका शर्मा ११,०००, डा. ओम कृष्ण प्रसाई बाट १,००० प्राप्त भएको छ । गीतकार डिपीको स्वास्थ्यमा चासो गर्ने र सहयोग गर्न चाहनेहरू थपिदै गएका छन् ।



# को हुन् गीतकार डिपी खनाल ?

म्यूजिक खबर/काठमाडौं

डिपी खनाल नेपालका एक व्यस्त र सफल गीतकार हुन् । ४० वर्षका उनले हजारौं गीत लेखिसकेका छन् । आधुनिक, लोक आधुनिक देखि पार्श्व गायनका लागि समेत उनले लेखेका गीतहरू बजारमा आएका छन् । ती मध्ये थुप्र हिट पनि भएका छन् । कालजयी पनि भएका छन् । । उनको पहिलो बालगीत 'आजका साना कोपिला भोलि बन्छौ फुल'सँगै उनको गीत लेखनयात्रा सुरू भएको थियो । आधुनिक गीतका विभिन्न प्रतियोगितामा उनले लेखेका गीतले पुरस्कार पाएपछि हौसला बढ्दै गएपछि गीतसंगीतका क्षेत्रमा लाग्ने ऊर्जा प्राप्त भयो उनको आधुनिक गीत 'ओइलिएर झर्न दिन्न' निकै सफल गीत बन्यो । उनको 'सेल्फी हानौला' गीतलाई दर्शकले निकै रूचाए । क्यालेन्डर, दन्तैमा, छुक-छुके रेल, बाडुल्की, चोली अलि छोटो लगायतका गीतले सांगीतिक बजारमा चर्चा कमाउन सफल भए ।

चलचित्र 'लक्का जवान'को शीर्ष गीत 'मन त मेरो लक्का जवान' बोलको लोकशैलीको गीत समेत डिपीले नै लेखेका हुन् । सिताराम कट्टेल 'धुर्मुस' र कुञ्जना घिमिरे 'सुन्तली' को निर्माण रहेको पहिलो फिल्म 'सेन्टी भाइरस'को पहिलो गीत 'फनफनी' मा पनि उनकै शब्द रहेको छ । त्यस्तै 'के घर के डेरा'को शिर्ष गीत मा समेत उनको शब्द रहेको छ ।

पाँचथरका दुर्गा प्रसाद खनाल गायक बनेर रेडियो टिभीमा छाउने सपना बोकेर राजधानी छिरेका हुन् । उनै दुर्गाप्रसादलाई संगीतले डिपीको नामबाट चिनायो । गायक बन्ने सपना भएकाले नै होला उनी गीत पनि गाउँदै आएका छन् । त्यस्तै गीतमा संगीत पनि भर्ने गरेका छन् । डिपी खनालको 'पर्नु पिर पर्‍यो' बोलको गीतमा रचना रिमालसँगै उनले स्वर दिएका छन् । आफनै डस म्युजिक नेपाल नामक कम्पनी खोलेर त्यसमार्फत गीतसंगीतको काम गर्दै आएका छन् ।

उनले संगीतकै लागि आफ्नो सिंगो जीवनलाई गरिरहे, गरिरहे । गरि नै रहेको क्रममा स्वास्थ्यमा अचानक समस्या आयो । उपचार गर्न थाले । तर नेपालको सांगीतिक क्षेत्र अझ त्यसमा गीत लेखन यो व्यवसाय नभएर सृजनामूलक पेसा हो । यसमा अन्य व्यापार र पेसा जस्तो आर्थिक मुनाफा छैन । महंगो उपचार खर्च लामो समय थेग्न जोकोहिलाई हम्मे पर्ने नै भयो । गीतकार खनाललाई पनि कठीन पर्न थाल्यो ।

यसरी हजारौं गीत सिर्जना गर्ने एक स्रष्टाले आर्थिक अभावका कारण उपचारमा कठीनाई बेहोर्नु भनेको राष्ट्रकै बेइज्जत हो । यतिबेला हामीले सरकारलाई सतोसराप गरेर हुने त केहि होइन । तर घच्चचाउन जरूरी छ । त्यो भन्दा बढी एक थुकी थुक, सय थुकी समुन्द्रको भनाईलाई चरितार्थ गर्न जरूरी छ । जसका गीत संगीतलाई साथी बनाएर सुनिरहेका छौं । उहि स्रष्टा अप्ठ्यारोमा पर्दा सहयोग गर्नु सबैको धर्म हो । सबैले सकेको सहयोग गरौं, रकम संकलनका लागि पहल गरौं अनि स्वास्थ्य लाभका लागि प्रार्थना गरौं । भोलि तपाईंको दिन कसले देखेको छ र ?

नेपाल माइक्रोबस कम्पनी प्रा.लि.
हाम्रो सेवाहरु
इलाम, पशुपतिनगर, काँकडभिट्टा, बुधबारे, गौरिगन्ज, विराटनगर, चतरा, चक्रवर्ती, राजविराज, जनकपुर, बेल्टार सम्म जानको लागि जम्बो A/C र हायसको टिकट पाइन्छ ।
कोटेश्वर सम्पर्कः ०१५१००८८०
९८५१००३३७०, ९८१३६३९३२३, ९८४१८५१९०४

नेपाल माइक्रो कम्पनी प्रा.लि.
टिकट काउन्टर
नयाँ बसपार्क, पूजाकोठी (पेट्रोलपम्प नजिक)
सम्पर्कः ४३८७१६३, ९८४१३१०३१५

काठमाडौंबाट बर्दिबास, धरान, इटहरी, विराटनगर, पोखरा, वेशीशहर, नुवाकोट, विराटनगरदेखि काँकडभिट्टासम्मको माइक्रोबसको टिकट बुकिङ गरिन्छ ।

एकै छानामुनी
-अडियो/भिडियो
-कभर डिजाइन एण्ड प्रिन्टिङ
-डिविङ एण्ड प्याकिङ
-मिडिया प्रमोशन
-विमोचन कार्यक्रम
-मायाको चिनो तथा अवार्ड ट्रफी
सानिध्य ट्रफी ग्यालरी
रेडन, सामाखुशी काठमाडौं । ९८२३८४९७११

संवाददाता:
अर्जुन पोखरेल/चिरञ्जीवी भण्डारी/प्रकाश भट्ट
फोटोग्राफर:
च्याङ्बा लामा/नवीन गुरुङ/बद्री थापा/देवराज आचार्य

**सम्पादकीय**

# उडान भर्ने सपनामा कलाकारिता

'कलाकारिता' धेरैजसो रहर र शोकले लाग्ने पेशाका रूपमा लिइने गरिन्छ । तर यो बौद्धिक सम्पत्तिका रूपमा लिइने गरिन्छ । बौद्धिकतालाई प्रस्तुत गरेर सिर्जनाका शील्पहरू प्रयोग गर्ने कलाकारिता मुलुकको लागि एउटा पहिचान बोकेको विधा हो । कलाकारितामा लाग्नेहरूका विविध विधा छन् । साहित्यकला, अभिनयकला, निर्देशन कला, लेखन कला, संगीतकला, ललितकला, नाट्य कला, गायनकला विभिन्न विधाहरूले भरिपूर्ण कलाकारिताभित्र देशको आमूल परिवर्तन हुने गरेको हुन्छ । कलाको प्रयोगबाट नेपाली भाषा, साहित्य, नाट्य, संगीत र अभिनयको क्षेत्रमा विशिष्ट पहिचान स्थापित गरी देश चिनाउने गरिन्छ । देश चिनाउने पहिलो पाइलाका रूपमा कलासंस्कृतिलाई लिइने गरिन्छ ।

बौद्धिक सम्पत्तिको क्षेत्र जसमा हजारौं कलाकारहरू निर्भर रहेका छन् । कलाकारिताबाट नै उनीहरूको रोजीरोटी चलेको छ । दैनिकी चलेको छ । परिवार धानिएको छ । स्टारडम पनि यसै क्षेत्रबाट स्थापित भएको छ । देश विदेशमा कलाकारिताकै माध्यमले सांगीतिक उडान भरिरहेका हुन्छन् । देख्दा लाग्छ कलाकारितामा मोज छ । रमाइलो छ । जिन्दगी रमाइलो तरिकाबाट बिताउने गरिएको छ । बाहिरबाट देख्दा 'आहा' पनि छ र 'डाहा' पनि छ । तर कलाकारितामा साधना गर्दा गर्दै निर्मम तरिकाले जीवनको गुजारा चलाउन नसकेर मृत्युवरण गर्ने पनि छ । दैनिक लाखौं लगानी हुन्छ तर कमाइको हिसाबले हजार कमाउन मुस्किल छ । वर्षौ करोडौंको ट्रान्जेक्सन हुन्छ तर यही क्षेत्रलाई व्यवस्थित गरेर सरकारले राजश्व उठाउन सकेको छैन । कलाकारिताको प्रयोगबाट सीमित कलाकारले स्टारडम निर्माण गरेका छन् । सीमित कलाकार मात्र यो अवस्थामा पुगेका हुन्छन् । सबैले त्यो स्टारडम प्राप्त गर्न सकेका हुँदैनन् तर सत्य यो हो कलाकार मर्दा समाचार बन्छ । कलाकार अमर हुन्छ । उसको सिर्जनाले उसलाई मृत्युवरण गरेर भौतिक शरीर छोड्दा पनि जीवित बनाइराख्छ ।

हो, त्यही अमरताको बाटोमा हिंडेका कलाकारहरू दुःखसुखलाई कलामा बदल्ने गर्छन् । दैनिकी नै सिर्जनामा लागेर आत्मसन्तुष्टिमा बदल्ने गर्छन् । रोजीरोटी नै कलाकारितामा देखेर हिंड्दा हिंड्दै छाने चुहिने वातावरण सिर्जना हुन्छ । परिवारको खुशी खोज्न कलाकारितामा भौंतारिएर मनभरि विचलन बोकेर हिंड्न थाल्छन् । त्यसपछि कलाकारितालाई नै उडान भर्ने सपनामा बदलेर देश छोड्नेहरूको लर्को यतिखेर प्रत्यक्ष देख्न र भोग्न पाइएको अवस्था छ । अव्यवस्थित कला क्षेत्र, व्यवसायिक बन्न नसकेको कला क्षेत्र र व्यक्तिगत मुट्ठीमा बोकेर सिर्जनालाई धरापमा पारेको कला क्षेत्र । डिजिटल माध्यमले गर्दा वर्षौ लगानी गरेका कम्पनीहरू धरापमा परे । व्यक्तिको मुट्ठीमा नै लगानी छ, उत्पादन छ र कमाइको आशा पनि । तर सबै व्यक्तिले गरेको लगानीले उत्पादन लिन सकेको हुँदैन । सबै सिर्जनाले डिजिटल बजारमा फाइदा लिन सकेको छैन । नसोचेको सिर्जनाहरू बजारमा हावी भइरहेका पनि हुन्छन् । तैपनि सदाबहार सिर्जना भने हजारौंबाट छानिंदा ५० पुग्न गाह्रो छ । केही क्षणको रमिताले गर्दा हजारौं लगानी डुबेको छ । मुनाफा थोरै लगानी धेरै भइरहेको छ । जसले कलाकारितालाई उडान भर्न बाध्य बनाएको देखिन्छ । आजभोलि कतिखेर अष्ट्रेलिया, क्यानडा, युरोप जस्ता विकसित राष्ट्रमा कलाकारिताको प्रयोगबाट पुगिएला र उतै हामफाल्न पाइएला भनेर हिंडिरहेका युवा जमात प्रशस्तै भेटिन्छन् । रहरबाट प्रवेश गरेको क्षेत्रमा मेहनत र सिर्जना दिएर पनि अन्ततः कलाकारितालाई नै ट्रान्जिट प्वाइन्टका रूपमा प्रयोग भइरहेको अवस्था दिनानु दिन जटिल बन्दै गइरहेको छ । आखिर के कलाकारिता गर्नु उडान भर्नकै लागि हो त ? सोचनिय विषय बनेको छ ।

# सम्झनामा लोक गायिका धनमाया तामाङ




नेपालको लोक गीतहरूको उर्वर भूमि गण्डकी प्रदेशको लमजुङ्ग जिल्ला काफलस्वंरा गाउँमा २० फाल्गुण २०१७ सालमा दल बहादुर लामाको छोरी "नानी" को रूपमा जन्मनु भएको थियो लोक गायिका धन माया तामाङ।२० थरीभन्दा बढी लोक भाकाहरू गाउन सक्ने उहांले लोप हुन लागेका ठेट लोक गीतहरू नेपाल मै पहिलो पटक ७२ देखि ७४ वर्षको उमेरमा रेकर्ड गरेर "धन"अडियो तथा म्युजिक भिडियोहरू प्रस्तुत गरी लोक संगित संरक्षण र सम्बर्द्धनको क्षेत्रमा ठूलो गुण लगाउनु भएको छापरेवाडांडा गा.वि.स वडा नं.८ पुर्काङ्ग (हाल सुन्दर बजार नगरपालिका वडा नं.२ पुर्काङ्गका टुहुरो"कान्छा दाई" (लोक गायक चन्द्र बहादुर तामाङ) संगै ठाडो भाका दोहोरी गाएको चिनापर्चीले १६ वर्षको उमेरमा विवाह बन्धनमा बाधिएर ९ वटा सन्तान (४ सन्तानको मृत्यु भईसकेको) को जायजन्म भएको थियो।"मधुरिमा फूल कुमारी महतो सम्मान २०५८" द्वारा समेत सम्मानित उहां ७५ वर्षको उमेरमा दमको व्यथाबाट पीडित भई काठमाण्डौंमा ५ पौष २०६१ सालमा हामीलाई "धन" चिनो छाडेर स्वर्गवास हुनु भएको थियो,अझै उहांहाम्रो सम्झनामा जीवन्त हुनु हुन्छ र युगौयुग अमर रहनु हुनेछ।

नेपालमै पहिलो पटकठाडो भाका, ढिलो भाकार दाई गीत रेकर्ड गरी श्रोता दर्शकमाझ"धन" (२०५८ अडियो र २०६३ मा अडियो भिजुअल) प्रस्तुत गरेपछि उहां नेपाली जनमानसमा निकै लोकप्रिय बन्नु भयो र यी लोक गीतहरू संगित पारखी लगायत सबैले बुझ्ने मौका पाएका छन्।"धन"संगालोमा संगालिएकाअन्य झयाउरे भाका, लोक गीत, तीज गीत,राष्ट्रिय गीतहरूलेलोक भाका र लोक संस्कृतिलाई जोगाउन महत्वपूर्ण योगदान गरेको छ।

लोक गायिका धनमाया तामाङ निरक्षर हुनुहुन्थ्यो भने श्रीमान चन्द्र बहादुर तामाङ साक्षरसम्म हुनुहुन्थ्यो। उक्त क्षेत्रमै कहलिएका श्रीमान लोक गायक र लोक भजन गायक भएपनि प्राविधिक असुविधाको कारण उहांको कुनै पनि गीत रेकर्ड हुन भने पाएन।मेलापात, रोधी, चाडपर्वमा हुने सांगितिक माहौलले धनमायालाई लोक गीतमा तिखारिने मौका मिल्यो तर पनि"कि पढेर जानिन्छ, कि परेर जानिन्छ" भने झैं उहांलाई जिन्दगीमा धेरै भोगेर, परेर, संघर्ष गरेर सिक्ने मौका मिल्यो र गायनमा उहांको धाराप्रवाह रूपमा मनको सरस्वती फुर्दथ्यो।आफ्नो श्रीमान २४ जेष्ठ २०४२ सालमा बितेपछि आमाको मातृवात्सल्य र सन्तानप्रतिको जिम्मेवारीमा कुनै कमी आउन नदिनु भएकोले उहांका सन्तानहरूसंग समाजमा गौरवका साथ जीवन निर्वाह गरिरहेका छन्।

२/३ वर्षकै कलिलो उमेरमा आमाको मायाबाट वञ्चित भई राम्रोसंग दुध खान नपाई हुर्कन परेकोले समर्पणको रूपमा जिन्दगी भर दुधको थोपा लिनु नभएको उहांले टुहुरो जीवन विताएर गर्भे टुहुरो श्रीमान चन्द्रबहादुर तामाङसँग दाम्पत्य जीवनमा बाँधिन पुग्नुभएकोमाउहांको दुःखमय र संघर्षमय जीवनकथा आज हामी सबैकोप्रेरणाको श्रोत बनेको छ।कथै कथाको जीवनगाथा बोक्नुभएकी उहाँले जीवनका उकाली ओरालीमा भोग्नु परेका कैयौं दुःखलाई सहजरूपमा लिएर लोकगीतलाई सहारा बनाएर सुखमा परिणत गर्नुभयो।बनपाखा, मेलापर्व, रोधीघर, चाडवाडमा कहिले एक्लै र कहिले दोहोरी लोकगीतहरू निरन्तर रूपमा गाउँनुभयो।निरक्षर व्यक्तिको पनि आत्मकथा हुन्छ जुन इतिहासको पानामा समेटिंदा 'धन' बन्नसक्छ भन्ने अभिलाषा लिई उहाँले सम्झेर बताउन सक्नुभएको जीवनका कथा व्यथाहरूलाई समेटिएको उहाँको आत्मकथा 'धन' प्रकाशन समेत भएको छ।"धन"आत्मकथा प्रकाशन गर्नुको मुख्य उद्देश्य निरक्षर, संघर्षशील, पौरखी, कुनाकन्दराकी महिलाको जीवनमा भोग्नुपरेको कथाव्यथा र उहाँको जीवनको उत्तरार्द्धमा लोकगीतलाई जगेर्ना गर्नुभएको देनलाई उजागर गरी भावी पुस्ताहरूलाई प्रेरणाको श्रोत बन्न सकोस् भन्ने रहेको छ।

जीवनको अधिकांश समय दुःखमा बिते पनि ती दुःखलाई लोकगीतल हसिलो र रसिलो पारेको थियो उहांलाई।यो भन्न सकिन्छ कि उहाँको जीवन र लोकगीतमा अन्तरनिर्भरता थियो। उहाँ जस्तो सुकै आपद–विपदमा समेत समाजमा संघर्षशील र उदाहरणीय भएर सगर्व जिउनुभयो। माइती काफलस्वाँरा र घर पुर्वाङ्गमा रहेका उहाँका धेरै गाउँले साथी सङ्गिनीहरूलाई घर–गृहस्थी गर्न मात्र होइन त्यस भेकमा अति प्रचलित ठाडो भाका, ढिलो भाका रझ्याउरे गीतहरूसमेत सिकाउनुभयो।

काम गर्नमा अत्यन्त काजु, जाँगरिली भएको हुनाले नै छोरीमान्छे भएर पनि छोरामान्छेसरह निभेक दिने गर्थे उहाँलाई गाउँका साहूहरूतामाङ, गुरूङ समाजमा हुर्केकी अत्यन्त सोझी उहांलाई खस भाषा राम्रोसंग बोल्न गाह्रो थियोतापनि पुर्काङ्ग जस्तो ठाउँमा घुलमिल हुन र जीवन निर्वाह गर्न धेरै नै संघर्ष गर्नु परेको थियो। उहां माइती गाउँमा केटाकेटी नै छँदा घरमा खानेकुरा नभई मागी हिड्दा पाएको पिना भोकको झोंकमा खाँदा सुख्खा भई अडदकिएर झण्डै मरेको भन्ने दुःखको कथामात्र होइन पेटमा ७ महिनाको गर्भ हुँदा समेत घरमा नूनको गर्जो टार्न ठोरीबाट ६ पाथी नूनर १ जरकिन मट्टितेल १४ दिन लगाएरल्याएको तत्कालिन परिवेशको संघर्षपूर्ण जीवनले हामी सबैको मन छुन्छ र रून्छ।

खरो व्यवहार गर्न रूचाउने उहाँ समाजमा नारी र गरीवप्रति हुने अन्यायमा निकै जुझारू रूपमा प्रस्तुत हुनुहुन्थ्यो।२०४२ साल जेठ २४ गते श्रीमान चन्द्रबहादुर तामाङ स्वर्गारोहण हुनु भएपछि सोही साल जेठ २९ गते छोरा एस.एल.सी. पहिलो क्षेणीमा उत्तीर्ण भै काठमाडौं साथीहरूसंग पढ्न जांदा आफ्नो चौबन्दी चोलोको पुरानो थैलीमा दुमो राखेको पैसा,गोरू, बाख्रा बेचेरै भए पनि खर्च पठाइ पढाइलाई खर्च गर्न हिच्किचाउनु भएन।आफ्नो जन्मथलोलाई पटक्कै छाड्न नचाहने उहांलाई कति कर गर्दा पनि घर छाडेर काठमाडौं बस्न मान्नुभएन।१/२ दिन काठमाडौंमा रहंदा समेत उहांको मन घरमा नैहुन्थ्यो।उपचारको सिलसिलामा छोरासंग काठमाण्डौं डेरामा बस्ने मौका जुर्दा "धन" का लोक गीतहरू रेकर्ड भएका थिए र ठाडो भाका दोहरी गाउन जो पायो त्यहिले गाउन नसक्ने र काठमाण्डौंमा ठाडो भाका गायक नपाइदा आफ्नै छोरासंग दोहरी ठाडो भाका जगेर्ना गर्ने हेतुले गाउनु भएको थियो।

काठमाडौं बसाइको क्रममा हाम्रो गाउँघरतिर हामीले गाउँको, सुनेको ठाडो भाका ढिलो भाका, दाई गीत, लोकभजनजस्ता लोकगीतहरू सुन्न नपाउंदा यी ठेट गीतहरू लोप भएर त जांदैन? भन्ने लागेर आमा छोरा सल्लाह भयो र उहां ७२ वर्षको हुंदा ती लोकगीतहरू रेकर्ड गरी "धन"लोकगीत सङ्गालो प्रस्तुत भयो। "धन"लोकगीतको सङ्गालो प्रस्तुत भएपछि उहाँले धेरै सञ्चार माध्यमहरूमा लोकगीत र उहाँबारे धेरै कुराहरू बताउनुभयो। उहांको चाहना थियो ती रेकर्ड भएका लोकगीतहरू नहराऊन्।उहांको यो चाहनालाई ध्यानमा राखी उहांको उमेर ७४ वर्ष हुंदा अन्तिम गीतको रूपमा रेकर्ड गरिएको राष्ट्रिय गीतलाई समावेश गरी "धन"भी.सी.डी. र धन आत्म कथा समेत निर्माण र प्रस्तुत उहांको छोराले गर्नु भएको छ।

उहांका कति सहकर्मी र पहिलेका पुराना गायक गायिकाले युगौंदेखि परम्परागतरूपमा गाउंदै आएको ठेट लोकगीत उहांहरूसँगै हराएर गए होलान्, कति संकलित भए होलान् तर बास्तविक लोक गायक, गायिका भने गाउँका कुना कन्दरामा मात्र सीमित रही आमसञ्चार माध्यमबाट विमुख भए। "बूढा मरे भाषा सरे" भने झैं आफ्ना पुर्खाले गरेको कुराहरूलाई सादै जान, हस्तान्तरण र पुस्तान्तरण गर्दै अझै पनि हाम्रो पुरानो ठेट लोक संस्कृतिहरू ज्यूँका त्यूँ जगेर्ना गर्ने हामी सबैकोसाझा प्रयासको खांचो छ।जिउँदा धरोहर बूढापाकाबाट हाम्रा इतिहास ब्यूँताउन सकिन्छ र भावी पिढीलाई हाम्रो वास्तविकता ज्ञान गराउन सकिन्छ ।

संस्कृति सामाजिक मूल्यको सूचक, र सभ्यताको पहिचान तथा समाजको प्रतिविम्व हो भने संस्कृति अन्तर्गत पर्ने लोकगीत माटोको ढुकढुकी हो। लोकगीत उकाली ओराली, भञ्ज्याङ, चौतारी, मेलापात, वनपातमा सुख दुःखको स्वःस्फूर्त हुने अभिव्यक्ति पनि हो।गण्डकी क्षेत्रमा खासगरि लम्जुङ जिल्लामा अति प्रचलित तर हराएर जान लागेका यी ठेट लोकगीतहरूलाई ७२ वर्षको पाको उमेरमा पनि रेकर्ड गराएर लोकगीतको जगेर्ना गरी राष्ट्रलाईनै महत्वपूर्ण योगदान गर्ने धन मायाको धन आत्मकथा र उहांकोकालजयीगीतहरूले नेपालको पहिचान तथा गाउँले नेपाली नारीको यथार्थलाई प्रतिविम्वित गरेको छभने उहांको झझल्को दिलाई रहेकोछ। उहांको भौतिक शरीर हामी बीच नभएको १९ वर्ष लागे पनि उहांको अमर अजर कृति अजम्बरी भएर रहेका छन्।१९ औं वार्षिकीको पुण्यतिथीमा उहां प्रति हार्दिक श्रद्धाञ्जली।

(डा. आश बहादुर तामाङ लोक गायिका धन माया तामाङको सुपुत्र हुनुहुन्छ)

# दिपकराजको एक दशक: सङ्गीत सिर्जनामा समर्पित




पृष्ठ १ बाट क्रमशः

१६ वर्षको उमेरमै चितवनको कालिका एफएमको गायन प्रतियोगीता उत्कृष्ट भए । पुरस्कार स्वरूप संगीत प्रशिक्षण लिने अवसर पाए । त्यहिबेलादेखि औपचारिक रूपमा संगीतको शिक्षा लिएर संगीतमै भविष्य खोज्ने निश्चित गरे । सुन्ने सबैले उनको स्वरको प्रशंसा गरिदिन्थे । त्यसपछि त गायक बन्ने सपना उनको मनमा अझ गढ्यो । त्यही गढेको सपनालाई बोकेर उनी काठमाडौ भित्रिएका हुन् ।

१९ वर्षको उमेरमा गायक बन्नकै लागि काठमाडौंमा पाइला टेके । काठमाडौंमा पनि २ वर्ष दोहोरीसाँझमा काम गरे । त्यहि अनुभवले रफदेखि सफ्टसम्म फिनिसिङ गर्न सक्ने बनाएको छ । यता पनि धेरैलाई गुरू थापे, गुरू माने । अनलाइन र अन्य सङ्गीतज्ञहरूबाट संगीतको ज्ञान लिदै गएका उनलाई स्टुडियोमा भने २०६८ अहिलेका जल्दोबल्दो संगीतकार दिपक शर्माले पहिलो पटक पाइला टेक्ने अवसर दिए । उनले शर्माको संगीतमा 'तिमी राम्री हौ कि तिम्रो जोबन राम्रो' बोलको गीत रेकर्ड गराए, अनि शुरू भयो सांगीतिक क्षेत्रमा औपचारिक रूपमा यात्रा । त्यसपछि गायककै रूपमा आफ्नो करिअरलाई अगाडि बढाउँदै गए । रेडियो नेपालबाट पनि उनले स्वर परीक्षा उत्तीर्ण गरे । दोहोरीसाँझमा काम गर्दै संघर्ष गर्दै गए । संगीत सिर्जना स्वतःस्फूर्तरूपमा फूर्न थाल्यो । तर सुनाउने कहाँ, भन्ने कसलाई ?

संगीतकार शर्माबाट उनी निकै प्रभावित थिए । एक हिसाबले भनौं मनपर्ने संगीतकार । शर्मालाई सामाजिक सञ्जालबाट पछ्याइरहन्थे । उनका हरेक गतिबिधीलाई नियाल्थे । २०७१ सालमा पुनः संगीतकार शर्मालाई दोस्रोपटक भेटे । पहिला गायक भएर भेटेका उनले यो पटक आफ्नो संगीत सुनाउन भेटेका थिए । हार्मोनियम बजाउँदै ३-४ वटा आफ्ना गीत र संगीत सुनाए । दिपक शर्माले दिपकराजको संगीतको प्रंशसा गरिदिए । एक कुशल र व्यवसायिक संगीतकारले नै नव संगीतकारलाई ढाप मार्दै संगीतकार बन्नलाई अभिप्रेरित गरिदिए । दिपक मख्खै परे । यता एरेन्जरहरूसँग पनि संगत पनि बाक्लिदै थियो । संगत गरेका सबै एरेन्जहरूले समेत तपाईं संगीतकार हुनुपर्छ भनेर सुझाव दिन्थे । यता मध्यमस्तरको परिवार आफ्नो लागि आफैं गर्नुपर्ने बाध्यता । उता सबैबाट संगीतकार बन्नका लागि झक्झाहट । अनि त के चाहियो र दिपकलाई सोच्न थाले -'संगीतकार बन्यो भने त ' इन्ट्यान्ट' आफ्नो सिर्जना बेच्न पाइन्छ । गायकको रूपमा बिक्री हुन भगवान भरोसा' । यस्तै यस्तै सोचेर पैसा कमाउनकै लागि मोडियो उनको बन्ने सपना । अब उनी संगीतकार बन्नका लागि कसरत गर्न थाले । सँगसँगै एरेन्ज समेत आफैं गर्न थाले ।

एउटा कुशल र सफल संगीतकार बन्नको लागि मेहनत, त्याग, तपस्या र धैर्यता चाहिन्छ भन्ने दिपक साँच्चै मेहनती छन् । उनी म्यूजिक इन्स्ट्रमेन्ट लिएर बिहान बसे भने रात परेको थाहा पाउँदैनन्, साँझमा बस्दा बिहान भएको थाहा पाउँदैनन् । यस्तै मेहनतले नेपालकै व्यवसायिक र सफल सङ्गीतकारको परिचय दिलाएको छ उनलाई । गीतकार, सङ्गीत संयोजक र सङ्गीतकारको रूपमा सयभन्दा बढी गीतमा उनले आफ्नो दक्षता देखाइसकेका छन् । नेपालका अधिकांश गायक गायिकाहरूले उनको सङ्गीतमा गीत गाइसकेका छन् । रामकृष्ण ढकाल, प्रमोद खरेल, अन्जु पन्त, प्राश्ना शाक्यदेखि अहिलेक पुस्ता रचना रिमाल, सिम्रन परियारसम्म उनले सहकार्य गरिसकेका छन् । उनको गीतमा चलेका कलाकारहरूले अभिनय गरेका छन्, कम्मर मर्काएका छन् ।

एकपछि अर्को गीत पस्किरहेका छन् । कतिले राम्रो भ्यूज पाए कतिले पाएनन् । कतिले चर्चा पाए, त कति त्यतिकै सेलाए । उनी भ्यूज र चर्चालाई यसरी सम्झिन्छन् - 'राम्रो गीत हुँदैमा भ्यूज र चर्चा पाइने भने होइन । कति राम्रा र आश गरेका गीतबाट चर्चा पाईंदैन । तर पनि भ्यूजले कलाकारलाई खुशी र नयाँ उर्जा अवश्य दिन्छ नै । ५ हजार भ्यूज जाँदा रमाइलो लाग्ने दिनहरू पनि थिए । एकलाख भ्यूज जाँदा त स्क्रिनसट राखेर फेसबुक लगायतका सामाजिक सञ्जालमा शेयर नै गर्थे ।' सानो सफलतामा पनि उत्साहित हुने दिपकको धेरै गीतले मिलियन भ्युज पार गरिसकेको छ । 'सुनैको दरबार'ले त करोड भ्यूज पार गर्न सफल भएको छ । यो गीत अनु चौधरीको स्वरमा थारू भर्सनमा समेत निस्किएको छ । अग्रज र नाम चलेका संगीत साधकहरूले राखेको रेकर्डमा आफू पनि समाहित हुन पाउँदा खुशीले तरङ्गीत बनाएको छ । यहि गीतबाट उनले दशौं म्यूजिक खबर म्यूजिक अवार्डमा संगीतकार विधा तर्फबाट जुरी अवार्ड समेत चुम्न सफल भए । अवार्डसँगै करोड क्लब सेलिब्रेसन गरेका संगीतकारको पहिचानले नयाँ नयाँ सहकार्य बढ्दै गएको उनको अनुभूति छ । क्षितिज सापकोटाको शब्द, प्रमोद खरेल र अस्मिता अधिकारीको स्वरले सजिएको 'सुनैको दरबार'गीतलाई नै उनी आफ्नो करिअरको टर्निङ प्वाइन्ट मान्छन् ।

नेपाली लोक गीतलाई गीत संगीतको मूल ठान्ने दिपक मीठो धून भर्न माहिर छन् । उनले आधुनिक, राष्ट्रिय, लोक, भजन, लगायत विविध विधाका गीतहरूमा समेत सङ्गीत भरिसकेका छन् । ती सबै गीतमा उनले न्याय गरेका छन् । उनको संगीत रहेका गीतहरू - 'भीरको बाटो', पल्टन, चिसो चिसो हावा चल्यो, चौतारीको बर, यो साल नि परदेशमै तीज, परदेशमा, तिमी साथ भैदिए, म, नशालु नयन, मयालाई, चुडेको चंगा, बालै भएन, ओके छ त, साईंला साईंली, मखमली, माया बैगुनी, कसम हो कसम लगायत रहेका छन् । दिपक संगीतकार मात्रै होइनन् कर्णप्रिय स्वरका धनी गायक पनि हुन् । उनले गाएका गीतहरूमा, शान्तीश्री परियारको साथमा युगल गीत साइंली, मुना ठटालसँग गाएको 'ओह माया', मरेर जाने जिन्दगी, तानसेन बजार, दुइ दिनको जिन्दगी बगी जाने गण्डकी लगायत थुप्रै छन् । गायक र संगीतकार मात्रै होइनन् बेला बखत उनी निर्देशन गरेर आफ्नो बहु आयामिक व्यक्तित्वलाई झल्काउने गरेका छन् । 'दशैं तिहार आउन' गीतमा परिकल्पना र निर्देशन, त्यस्तै किरण भुजेल र मेलिना मैनालीको स्वर रहेको गीत तिमीलाई नैमा पनि उनकै निर्देशन रहेको छ । यस्ता थुप्रै गीत छन् । उनी संलग्न प्राय गीतमा उनकै संगीत रहेको छ । विविध विधाबाट जोडिएका उनका ती सबै गीत गन्दा करिब पाँचसय छन् ।

दिपकले यो क्षेत्रमा प्रवेश गर्दा जति संघर्ष गरे, हाँसी हाँसी स्वीकार गरे । सफलताको स्वाद चाख्दै गर्दा अपमान पनि सहनु परेको तितो अनुभव पनि छ उनीसँग । आफैंले संगीत भरेको गीतको बिमोचन समारोहमा संगीतकारको हैसियतले सरिक भए । थुप्रै पत्रकारमाझ गीतको टिमलाई चिनाइयो । स्टेजकोअग्रभागमा रहेकादिपकलाई बोलाइएन । नाम समेत सम्बोधन गरिएन । आफ्नै शीर माथीबाट द ज ॅ न ा ै ं क्यामेराले आफ्ना सहकर्मीलाई खिचिरहे । सायद संगीतकारलाई यो गर्नु जरूरी नभएर होला, भन्ने सोचेर थोरै मनमा हिनताबोध हुँदा हुँदै पनि धेरै खुशीका साथ बसिरहे । अनि हेरिरहे । जब त्यहाँबाट हिंडे तब पो उनलाई थाहा भयो - यो सब ते अपमान गर्नकै लागि गरिएको रहेछ । इन्डष्ट्रीले ठूलै मानेको व्यक्तिबाट एउटा अनुज संगीतकारलाई गरिएको यो व्यवहार र पाएको सफलतालाई पनि संगीतको आरोह र अवरोहको अभ्यास सम्झेर हिंडिरहेका छन् उनी ।

जे गर्छु गीतसङ्गीतमै गर्छु भन्ने संकल्प गरेका दिपकराजले यो यात्रासम्म आइपुग्दा अवार्ड सम्मान र पुरस्कार पनि पाएका छन् । उनले दशौं म्यूजिक खबर म्यूजिक अवार्डमा संगीतकार बिधातर्फ जुरी अवार्ड पाउन सफल भए । यस्तै उनले दोश्रो ओएस नेपाल म्यूजिक अवार्ड, दोस्रो योङ्स माइण्ड अवार्ड र दोस्रो स्टार म्युजिक एण्ड फिल्म अवार्ड पनि चुमेका छन् । अनामनगरमा अडियो ल्याब स्टुडियो सञ्चालन गरेर संगीतलाई नै व्यवसाय बनाइरहेका दिपक नेपाल प्रहरीका जागिरे समेत हुन् । संगीतकर्मले सबैभन्दा ठूलो कुरा उनलाई आत्मसन्तुष्टि र इज्जत दिएको छ । संगीतले जागिरे जीवनलाई समेत इज्जतिलो रोमाञ्चित र आनन्दित बनाइदिएको उनको अनुभव छ ।



C.B. MOUNT FRAMING CENTER PVT.LTD.





Photographer
chyangba lama
9851191354

New Baneshowr, Buddhanagar, Kathmandu 01-4782127, 9841631354

# २०२३ मा कम्पनीभन्दा व्यक्तिगत च्यानल हाबी, लोक लयको अग्रता

सबिता पोखरेल/ म्यूजिक खबर

गीत संगीतका लागि एउटा समय डिस्क रेकर्डको थियो । विस्तारै प्रविधिको विकास सँगसँगै क्यासेट प्लेयर, सिडि प्लेयर, पेनड्राइभ हुँदै अहिले अनलाइनको समयमा पुगीसकेको छ । पछिल्लो केहि वर्ष यता कलाकारका लागि युट्युबको महत्व र प्रयोग अत्याधिक बढ्दै गएको छ । आजको समयमा कुनै पनि गीतहरू युटुव मार्फत रिलिज हुने गरेका छन् ।

आज हामी सन् २०२३ को अन्त्यमा छौं । यो समयमा व्यक्ति, संस्था र क्षेत्रले यो वर्षमा हासिल भएका उपलब्धिलाई सार्वजनिक गर्ने प्रचलन छ । नेपाली सांगीतिक क्षेत्रमा पनि यो वर्ष विभिन्न शैलीका थुप्रै गीतहरू बजारमा आए । केहि चले भने केहि ओफेलमा परे । अहिले युट्युब गीत र सिनेमालाई कतिले मन पराए कतिले पराएनन् भन्ने कुरा मापन गर्ने यन्त्र जस्तै बनेको छ । हामीले यो वर्षका धेरै हेरिएका /सुनिएका गीतहरूको सूचि तयार पारेका छौं । यो सुचिको आधारमा यो वर्ष पनि लोकशैलीका, या अन्य जनरालाई पनि लोक संगीतमा फ्युजन गरी तयार पारिएका गीत सर्वाधिक रूचाइएका छन् ।

### १. सकम्बरी:




यो वर्षको सर्वाधिक हेरिएको गीतमा प्रकाश सपुतको माया 'सकम्बरी' पहिलो नम्बरमा पर्न सफल भएको छ । २०२३ को अप्रिल २३ मा सार्वजनिक गरिएको यो गीतले लाई वर्षको अन्त्यसम्म ५ करोड ५० लाख भन्दा धेरै पटक हेरिएको छ । प्रकाश सपुतकै शब्द र संगीत र स्वर रहेको लोक शैलीको यस गीतमा बर्ता गन्दर्भको पनि स्वर सुन्न सकिन्छ । गीतको भिडियोमा सुनिल थापा, कुशुम शर्मा, निक्स शर्मा, सन्जोग रसाइली, सरस्वती अधिकारी, सरिता राजोपाध्याय, शालिक भण्डारी लगायतले अभिनय गरेका छन् । यसै गीतबाट नव कलाकारको रूपमा भित्रिएकी कुशुम शर्माले समेत अत्याधिक पाउन सफल भइन् भने उनलाई अझै पनि सकम्बरीको नामबाट चर्चा गरिन्छ ।




### २.अरेली काँडैले

लोक गीत 'अरेली काँडैले' ले पनि ४ करोड ८० लाख भन्दा बढी भ्यूज पाउँदै यो वर्ष धेरै पटक हेरिएको दोश्रो गीत बनेको छ । कहिले ट्रेन्डिङ त कहिले करोड क्लब हुँदै यात्रा गरेको यो गीतले यो वर्षको तीजमा समेत एकछत्र राज गर्यो । तत्कालिन समयमा टिकटकमा समेत नं वानमा रहन सफल यस गीतमा शान्तिश्री परियारको स्वर, खेम सेन्चुरीको संगीत र नेत्र अर्यालको शब्दमा तयार गरिएको हो । सुनिल बिकको निर्देशन तथा गम्भीर विष्टको कोरियोग्राफी रहेको यो गीतको भिडियोमा प्रकाश सपुत र अन्जली अधिकारीले अभिनय गरेका छन् । गीतको भिडियोलाई १८ अगष्ट को २०२३ मा शान्तिश्री परियार युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको थियो ।




### ३.जे छौ तिमी:

९ महिना अघि २५ मार्च २०२३ मा सार्वजनिक भएको 'जे छौ तिमी' बोलको गीतले पनि युट्युबमा आफ्नो बर्चश्व राख्न सफल भएको छ । स्वप्त सुमन र समिर श्रेष्ठको स्वरले सजिएको यस गीतलाई ४ करोड २५ लाख बढी पटक हेरिएको छ । यस गीतमा शब्द र संगीत युवा पुस्तामाझ अत्याधिक लोकप्रिय बनेका स्वप्न सुमनकै रहेको छ । भिडियोलाई स्वप्न सुमन नामको युट्युब च्यानलमा हेर्न सुन्न सकिन्छ ।




### ४. सारंगी:

लोकप्रिय गायक सुशान्त केसीको 'सारंगी' बोलको गीतलाई ३ करोड ७० लाख भन्दा बढी पटक हेरिएको छ । भ्यूजका आधारमा यो गीतले चौथो स्थान पाउन सफल भएको छ । ६ महिना अघि २४ जुन २०२३ मा गीतलाई शुसान्त केसी युट्युब च्यानल मार्फत सार्वजनिक गरिएको थियो । यस गीतमा शब्द, संगीत तथा आवाज सुशान्तकै रहेको छ । गीतको भिडियोलाई गौरव कुमार तामाङले निर्देशन गरेका छन् गीतमा सुशान्त र अन्ना शर्मा फिचर्ड छन् ।




### ५. दर्शन सलाम:


वर्ष २०२३ का लागि पाँचौ स्थान भने चलचित्रका 'छक्कापञ्जा ४' मा समावेश 'दर्शन सलाम' बोलको गीतले ओगटेको छ । ११ महिना अघि सार्वजनिक भएको यस गीतलाई युट्युबमा ३ करोड ८५ लाख पटक हेरिएको छ । यो म्युजसँगै गीतले वर्ष २०२३ का लागि पाँचौ स्थान सुरक्षित गरेको छ । दिपक शर्माको संगीत तथा राजेन्द्र थापाको शब्द रचना रहेको गीतमा डेभिड शंकर र सहिमा श्रेष्ठको स्वर रहेको छ । गीतको भिडियोमा चलचित्रका कलाकारहरू दिपकराज गिरी, केदार प्रसाद घिमिरे 'माग्ने बुढा', बुद्धि तामाङ 'हैट', दिपाश्री निरौला, निर्मल शर्मा, स्वस्तिमा खड्का र राज आचार्यको अभिनय रहेको छ । ओएसआर युट्युब च्यानल मार्फत जनवरी ३० २०२३ मा गीतलाई सार्वजनिक गरिएको हो ।

### ६.फूलथुंगे रानी:

पछिल्लो पुस्ताका लोकप्रिय गायक सुजन चापागाईंको 'फूलथुंगे रानी' पनि यो वर्षको धेरै हेरिने गीतहरूमा पर्न सफल भएको छ । हर्क साउदको शब्द तथा सुजन चापागाईंको संगीत र स्वर रहेको यस गीतको भिडियोलाई २ करोड ८२ लाख भन्दा धेरै पटक हेरिएको छ । ८ महिना अघि सुजन चापागाईं युट्युब च्यानल मार्फत




सार्वजनिक गरिएको भिडियोमा एलेक्स विश्वकर्मा र विभूति सिटौलाको अभिनय छ । दुवैले यही म्युजिकल फिल्ममार्फत अभिनयमा डेब्यू गरेका हुन् । १७ मार्च २०२३ मा गीतसार्वजनिक गरिएको हो ।




### ७.भिखारी:

२०२३ का गीत संगीतका भ्यूजलाई गणना गर्दा ओसिस थापाको 'भिखारी' बोलको गीत आठौं स्थानमा पर्न सफल भएको छ । ६ महिना अघि १० जुन २०२३ मा सार्वजनिक गरिएको यस गीतलाई २०२३ को अन्तिमम दिन हेर्दा २ करोड ८० लाख पटक हेरिएको छ । मायाप्रेममा आधारित यस गीतमा स्वर र संगीत शब्द ओसिसको नै रहेको छ । आकाश नेपाली र सरिता कठायतको अभिनय रहेको भिडियो स्वर्णिमा श्रेष्ठको निर्देशनमा तयार भएको हो । भिडियोलाई ओसिक कै युट्युब च्यानलमा हेर्न सकिन्छ ।




### ८. रिमै:

पछिल्लो पुस्ताका चर्चित गायक गायक प्रकाश दुतराजको 'रिमै' बोलको गीतलाई २ करोड ५१ लाख पटक हेरिएको छ । गीतमा गायक प्रकाशसँगै मेलिना राईको स्वर सुन्न सकिन्छ । प्रकाश स्वयंमको शब्द रहेको यस गीतका लागि संगीत पनि प्रकाशले नै भरेका हुन् । गीतको भिडियोमा प्रकाश स्वयम र केपिना गोतामेको अभिनय छ । यो वर्षका हिट गीतको लिस्टमा यो गीत सबै भन्दा कान्छो गीत हो । २ महिना अघि दशैंको छेको पारेर २० अक्टोबर २०२३ मा गीतलाई अपलोड गरिएको हो । स्रोता दर्शकबाट राम्रो प्रतिक्रिया पाएको गीतलाई नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले समेत प्रशंसा गरेका थिए । सामाजिक सञ्जाल फेसबुकमा गीतको टिकटक भिडियो शेयर गर्दै उनले दशैँमा सुनेको मीठो गीत भनेका थिए । सुदूरपश्चिम र कर्णाली प्रदेशमा घुमन्ते जीवन बिताइरहेका लोपोन्मुख राउटे समुदायको जिवन शैली झल्काउने दृष्य समावेश गरिएको प्रेम कहानीमा आधारित यस गीतको भिडियोलाई प्रकाश दुतराजकै युट्युब च्यानमा हेर्न सकिन्छ ।

### ९.ओय काजल:

चर्चित गीत ओय काजलको 'चाइल्ड भर्सन' पनि यो वर्ष धेरै हेरिएको गीतको लिस्टमा पर्न सफल भएको छ । लोकप्रिय बालगायक सुप्रिम मल्लको स्वर रहेको यस गीतमा चक्र बमको शब्द संगीत रहेको छ । यस गीतको भिडियोलाई २ करोड ४० लाख भन्दा धेरै पटक हेरिएको छ । बालकलाकारहरू सुजन न्यौपाने र एम्लिना खड्काको अभिनय रहेको भिडियोलाई ११ महिना अघि- फेब्रुवरी १० २०२३ का दिन नेपमेलो नामको




युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो । यस गीत पहिलो भर्सनलाई गायक चक्र बमले ३ वर्ष अघि सार्वजनिक गरेका थिए । अहिले झण्डै ३ करोड दर्शकले यो गीतलाई पनि हेरिसकेका छन् ।

### १०. काले केटाले:

चलचित्र 'ऐंचो पैंचो' मा समावेश गीत ' काले केटाले'लाई २ करोड १९ लाख भन्दा धेरैपटक हेरिएको छ । ५ महिना अघि सार्वजनिक गरिएको यस गीतमा अस्मिता अधिकारी र अशिष अविरलको स्वर रहेको छ । एकनारायण




भण्डारीको शब्द रहेको गीतमा अशिष अविरलले नै संगीत भरेका हुन् । गीतको भिडियोमा स्वस्तिमा खड्का, वर्षा राउत, मुकुन भुसाल, सुशील सिटौलालगायतका कलाकारलाई देख्न सकिन्छ । भिडियोलाई जुलाई २७, २०२३ मा मा ओएसआर डिजिटल युट्युब च्यानल मार्फत सार्वजनिक गरिएको हो ।

यी गीत सँगसँगै क्रममा १ करोडभन्दा बढी हेरिएका गीत थुप्रै छन् । तीजको अवसरमा खेम सेन्चुरीको 'कमाउने नि हो, रमाउने नि हो' गीतले यो सामाग्री तयार पार्दै गर्दा झण्डै २ करोड भ्यूज पाउन सफल भएको छ । यसैगरी विमल परियार, शान्तिश्री परियार र प्रकाश सपुतको गीत ' कहाँको साइनो'लाई १ करोड ८३ लाख पटक हेरिएको छ । त्यसैगरि प्रकाश सपुतको 'दमाई महाराज'लाई १ करोड २१ लाख, सज्जनराज वैद्यको 'हत्तेरी'लाई १ करोड ५९ लाख, हरिवंश आचार्यको 'काउली'लाई १ करोड ५९ लाख पटक हेरिएको छ । लोकप्रिय गायक यशकुमारको 'सुस्तरी सुस्तरी'लाई १ करोड १४ लाख भ्यूज प्राप्त भएको छ । त्यसैगरि भीम बीसीको 'चस्मा लगाउली'लाई १ करोड ३९ लाख, हेमन्त शर्मा र अस्मिता अधिकारीको 'उता परेली झिमझिम भो'लाई १ करोड ३५ लाख, उर्गेन दोङ र अनु चौधरीको 'सैया'लाई १ करोड ५८ लाख, जोन चाम्लिङ राईको 'हावाजस्तै'लाई १ करोड २७ लाख पटक हेरिएको छ ।

चलचित्र 'जारी' मा समावेश गीत 'चरी बस्यो'लाई १ करोड ४४ लाख प्राप्त भएको छ भने अर्को चलचित्र चलचित्र 'छक्कापञ्जा ४' मा समावेश गरिएको गीत 'सिरूपाते जुंगामा' ले १ करोड २१ लाख भन्दा बढी भ्यूज पाएको छ ।

यसरी २०२३ का गीतसंगीतको भ्यूजको तथ्याकं बनाउनु पर्दा टपटेनमा अधिकांश लोक र लोक फ्यूजन गरिएका गीत पर्न सफल भएका छन् । करोड भ्यूज क्रस गरेका गीतहरू नै संकलन गर्दा पनि लोक शैलीका गीतले नै अग्रता लिएका छन् । यी रेकर्डलाई सरसर्ती नियाल्दा कम्पनीभन्दा अधिकांश कलाकारका नाममा खोलेका युट्युब च्यानल नै हावी भएको देखिन्छ ।

# देश चिनाउन हिंडेका मिङ्माको जीवनको भोगाई "सगरमाथाको शेर्पा म"



**म्यूजिक खबर/काठमाडौं**

पर्यटन प्रबर्द्धक मिङ्मा शेर्पाको आत्मकथा 'सगरमाथाको शेर्पा म' पूर्व उपराष्ट्रपति सम्माननीय नन्द बहादुर पुनको हातबाट लोकार्पण भएको छ । धुम्बराहीस्थित अकमा होटलमा एक कार्यक्रमको आयोजना गरिएको उक्त कार्यक्रममा प्रमुख अतिथि पुन, लेखक शेर्पाको साथमा प्रकाशक संस्था जरा फाउन्डेसनका अध्यक्ष कृष्ण प्रसाईं, गीतकार देवेन्द्र केसी, नियात्राकार प्रतीक ढकाल, साहित्यका डा.रेणुका सोलु, छायाँ लेखक सिर्जना शर्मा र पर्यटन व्यवसायी निमा तेन्जिङ शेर्पाद्वारा संयुक्त रूपमा सार्वजनिक गरिएको हो ।

लास्ट फ्रन्टिएर ट्रेकिङको आयोजनामा भएको उक्त 'सगरमाथाको शेर्पा म' लोकार्पण कार्यक्रममा उपस्थित अतिथिहरूलाई निमा तेन्जिङ शेर्पाले स्वागत मन्तव्य दिँदै आफ्नो पापा मिङ्मा शेर्पा एउटा उदाहरणका रूपमा आफूले पाएको बताएका थिए । पारिवारिक रूपमा पुस्ता हस्तान्तरणसँगै आफ्नो पूर्खाको इतिहासलाई उजागर गर्न, मानवसेवा र सामाजिक कार्यमा निरन्तर लाग्न प्रेरित गर्ने कार्यमा पापा एक उदाहरणको रूपमा लिएको बताए ।

कार्यक्रममा लेखक मिङ्मा शेर्पालाई बौद्धिक युवाहरूको समूहको तर्फबाट सम्मान गरिएको थियो । गीतकार संघ नेपालका अध्यक्ष वसन्त बित्यासी थापा, संगीतकला पत्रकार संघका अध्यक्ष सुमन बैरागी, गीतकार तथा संचारकर्मी नरेश भट्टराई, गीतकार सत्यकला लामाले संयुक्त रूपमा लेखक मिङ्मा शेर्पालाई सम्मान गरेका थिए । शेर्पालाई पर्यटन क्षेत्रको प्रबर्द्धन, मानव सेवा, सामाजिक कार्य हुँदै देशको नामलाई विश्वसामु उच्च राख्न गर्नुभएको योगदान स्वरूप सम्मान अर्पण गरिएको थियो ।

पुस्तक 'सगरमाथाको शेर्पा म' लोकार्पण पछि शुभकामना मन्तव्य दिँदै छायाँ लेखक सिर्जना शर्माले लेखक मिङ्मा शेर्पा समाजको एक अथक योद्धाका रूपमा पाएको बताएकी थिइन् । उहाँको लेखन, अडियो रेकर्डलाई आफूले पुस्तकमा भाषागत रूपमा प्रस्तुत गर्न पाउँदा शेर्पाको जीवन भोगाईले आफ्नो जीवनमा समेत उर्जा थपेको बताएकी थिइन् ।



गीतकार देवेन्द्र केसीले लेखक मिङ्मा शेर्पालाई पुस्तक 'सगरमाथाको शेर्पा म' जीवन भोगाइको दस्तावेज भए पनि समाज रूपान्तरणको स्तम्भका रूपमा पनि लिएको बताए । शेर्पा विदेशीको भरिया मात्र नभएर नेपालको चिनारी भएको बताउँदै मिङ्मा शेर्पाको सुरूका दिनदेखि आजसम्मको भोगाइमा धैर्यता, लगनशीलता, इमान्दारितासँगै पर्यटन क्षेत्रको विकासमा निरन्तर दिएको योगदानको उदाहरणीय दस्तावेज भएको बताए । त्यस्तै नेपालमा पर्यटन क्षेत्रबाट गरेको योगदानलाई सम्मान गर्दै बीरल्याण्ड जस्तो अफ्रिकी मुलुकले पर्यटनमन्त्रीका रूपमा नियुक्त गर्नु नेपालको गर्व भएको बताए ।

त्यसैगरी नियात्राका प्रतीक ढकालले लेखक शेर्पालाई शुभकामना मन्तव्य दिँदै शेर्पा भनेको देश चिनाउने समुदाय भएको बताएका थिए । उनले देशका हरेक जनताले पहिला देश चिनाउने कार्य गर्न शेर्पासँग सिक्नुपर्ने बताए । शेर्पा, गोर्खा, सगरमाथा, बुद्ध भनेको विश्वसामु नेपाली हो भनेर चिनाउने नाम भएको बताउँदै ढकालले 'सगरमाथाको शेर्पा म' भन्ने पुस्तकभित्र एउटा परिवारको मात्र कथा नभएर सम्पूर्ण शेर्पाको प्रतिनिधित्व गर्ने दस्तावेज निर्माण भएको बताए ।

त्यसैगरी साहित्यका डा.रेणुका सोलुले लेखक मिङ्मा शेर्पा एउटा खुला विश्वविद्यालय भएको बताउँदै परिश्रम गर्न कोहि पनि नहिचकिचाउने हो भने विदेशमा भौंतारिनु पर्दैन भन्ने एउटा उदाहरणका रूपमा पाएको पनि बताइन् । दुःखमा नआत्तिने र सुखमा नमात्तिने व्यक्तिका रूपमा लेखक शेर्पा रहेको बताउँदै आफ्नो पूर्खा र भोलिका सन्ततिको लागि संस्कारको कथा बोकेको पुस्तकका रूपमा 'सगरमाथाको शेर्पा म' पाएको पनि बताइन् ।

कार्यक्रमका प्रमुख अतिथि पूर्व उपराष्ट्रपति नन्दबहादुर पुनले लोकार्पण पुस्तक 'सगरमाथाको शेर्पा म' एउटा प्रेरणाको स्रोत बन्ने विश्वास लिएको बताए । पहिलो भेटमा नै लेखक मिङ्मा शेर्पाको कुराले आफूलाई आकर्षित गरेको बताउँदै पूर्वउपराष्ट्रपति पुनले एउटा कर्मठ नेपाली छोरो, मेहनत गरे के हुँदैन ? भन्ने ज्वलन्त उदाहरण भएको बताए । उहाँको पापादेखि नाति पुस्तासम्मको संस्कार, दुःखसुखलाई जोड्ने इतिहास रहेको बताउँदै 'सगरमाथाको शेर्पा म' पुस्तकबाट धेरैले ज्ञान लिन सक्ने बताए ।

लेखक मिङ्मा शेर्पाले आफू जन्मेको सोलुदेखि जापान, काठमाडौंसम्मको यात्रामा भोगेका दुःखका पानाहरू पल्टाउँदा एउटा दस्तावेज निर्माण भएको बताए । खाली खुट्टा सोलुको हिउँमा खेलेका यादहरूदेखि हिमाल चढ्दा होस् या पापाको पदचाप पछ्याउँदै हिंडेका दिनहरू हुन् सबै स्मरणीय बनेको बताए । उनले यो पुस्तक निर्माण हुनुमा पहिलो श्रेय आफ्नी स्वर्गीय श्रीमतीको रहेको बताउँदै यहीँ कतै टेबलमा बसेर पेम्बा याङ्जीले सुनिरहेकी छन् भन्दै भावुक बनाए । मेरा बाबाले गरेको दुःखको कथा, मैले भोगेको जिन्दगी, मेरा छोराहरूले भोगेको वर्तमान र नाति नातिनीहरूको भविष्यलाई जोड्ने र आफ्नो पूर्खाको इतिहासलाई सम्झाउने प्रयास गरेको बताए । 'सगरमाथाको शेर्पा म' पुस्तक निर्माणमा सहयोग पुऱ्याउने सबैलाई धन्यवाद व्यक्त गरे । उनले पुस्तक लेख्नलाई हौस्याउने जेनकवि कृष्ण प्रसाई, गीतकार देवेन्द्र केसी र उर्जा दिइरहने जीवन संगीनी र परिवारप्रति नतमस्तक रहेको बताए ।

त्यसैगरी जरा फाउन्डेसनका अध्यक्ष एवं कार्यक्रमका सभापति जेनकवि कृष्ण प्रसाईंले कार्यक्रम समापन गर्दै मिङ्मा शेर्पा पर्यटन क्षेत्रको एउटा अथक योद्धा भएकै कारण दुखद् भोगाईको सफल व्यक्तित्व भएको बताए । सरल स्वभाव, असल व्यक्तित्व, मानवसेवी, सामाजिक विकासको खम्बा र सम्पूर्ण नेपालीको लागि प्रेरणाको स्रोत भएको बताए । कार्यक्रमलाई नरेश भट्टराईले संचालन गरेका थिए भने सुमन बैरागीले कार्यक्रममा मिडिया संयोजनको भूमिका निर्वाह गरेका थिए । रात्रीभोजसहित आयोजना गरिएको कार्यक्रममा विभिन्न क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तित्व, पत्रकार एवं लेखकका आफन्तजनहरूको बाक्लो उपस्थिति रहेको थियो ।





# 'रङ्गेली'का दुई पोस्टर सार्वजनिक: दयाहाङ र अर्पण आमने सामने, मिरूना र दया प्रेममा







**म्यूजिक खबर/काठमाडौं**

अभिनयमा पोख्त कलाकारहरू दयाहाङ राई, अर्पण थापा र मिरूना मगरलाई प्रस्तुत गर्दै नेपाली चलचित्र 'रङ्गेली'का दुई नयाँ पोस्टर सार्वजनिक गरिएको छ । एक पोस्टरमा अभिनेता द्वय दयाहाङ र अर्पणलाई आमने सामने बनाइएको छ भने अर्को पोस्टरमा दयाहाङ र मिरूनाको प्रेम झल्काइएको छ । यसअघि प्रवीण खतिवडासहित राई, थापा र मगरका पात्र अनुसारका पोस्टर सार्वजनिक गरिसकिएको छ ।

आगामी फागुन २५ गते महाशिवरात्रिको दिन विश्वव्यापी रिलिज हुने यस चलचित्रको यसै साता टिजर सार्वजनिक गर्ने तयारी रहेको निर्देशक अर्जुन सुवेदीले बताए । सुवेदीकै लेखन रहेको 'रङ्गेली'मा अर्पण, दयाहाङ, मिरूना, प्रवीण, रमेश बुढाथोकी लगायतको प्रमुख भूमिका रहेको छ । यस चलचित्रका गीतहरूमा हर्क साउद, अर्जुन सुवेदी र सबिन सिंहको शब्द रचना तथा सुशान्त गौतम र हर्कुलस बस्नेतको सङ्गीत रहेको छ ।

चलचित्रका कार्यकारी निर्माताहरू जीतेन्द्र खतिवडा र अनुज जङ्ग थापा हुन् । निर्माताहरू संसार चौलागाईं र रमेश भट्टराई वशिष्ठ हुन् भने युवक कार्की र शिव शंकर चौलागाईं सह–निर्माता हुन् । विवेक खड्का (योलो) एशोसियट निर्माता हुन् । छायाकार सुशन प्रजापति हुन् ।

अमेरिकामा कलाकारसहित भिआइपी रेड कार्पेट प्रिमियर हुने यो चलचित्र नेपालसँगै नेपालीहरूको बसोबास रहेका अमेरिका, अस्ट्रेलिया, जापान, कोरिया, हङकङ लगायतका विश्वका विभिन्न मुलुकहरूमा एकसाथ रिलिज हुनेछ । जापान, कोरिया र हङकङमा उज्ज्वल गुरागाईं र यूएनए इन्टरटेन्मेन्ट, अमेरिकामा 'एक्का बास्सा इन्टरटेन्मेन्ट' र 'लाइभ एट प्रिजेन्ट'ले 'रङ्गेली' रिलिज गर्दैछन् । ओएसआर डिजिटल चलचित्रको डिजिटल वितरक हो ।

# शेखरको निर्माणमा चलचित्र 'लुसु'




काठमाडौं । दि पाल्म ग्रुप प्रालिको ब्यानरमा निर्माण हुने चौंथो चलचित्र 'लुसु' को औपचारिक निर्माण घोषणा गरिएको छ । शेखर लामाको निर्माणमा बन्ने चलचित्र 'लुसु' सामाजीक कथामा बन्नेछ । चलचित्रको निर्देशन नवराज श्रेष्ठले गर्ने भएका छन् । सन् १९९४ को चलचित्र 'बादल'बाट अभिनय यात्रा सुरू गरेका श्रेष्ठले 'जन्मभूमि', 'गुड लक', 'स्काउट' लगायतका चलचित्रमा अभिनय गरि सकेका छन् । यो उनको निर्देशकीय पहिलो चलचित्र हुनेछ । पदम बिस्वकर्माले लेखेको कथामा चलचित्र बन्ने भएको छ ।

दि पाल्म ग्रुपले निर्माण गरेको चलचित्र 'टुल्की' ले यसै बर्ष चलचित्र विकास बोर्डले प्रदान गर्ने बिसेष चलचित्र पुरस्कार जित्न सफल भएको थियो । सामाजिक कथामा नै चलचित्र बनाउन रूचि राख्ने निर्माता लामाले 'लुसु' पनि बिशेष रहने बताए । नवराज श्रेष्ठले निर्देशन गर्ने चलचित्रमा अजय स्यांङतान मुख्य सहायक निर्देशक रहनेछन् । नृत्य निर्देशन तथा कलाकारको भूमिकामा लिगेश भट्टराई अनुबन्धित भएका छन् । चलचित्रमा काम गर्ने अन्य कलाकार तथा प्राबिधिक छनोट कार्य भई रहेको निर्माता लामाले बताए । चलचित्रको बारेमा अन्य जानकारी छिट्टै प्रेस रिलिज मार्फत दिइने निर्माण टिमले जानकारी दिए ।

# 'अगस्त्य' फागुन १८ मा रिलिज




**म्यूजिक खबर/काठमाडौं**

बर्षकै प्रतिक्षित फिल्म 'द अन ब्रेकेबल अगस्त्य: च्याप्टर १'को फस्टलुक रिलिज गर्दै प्रदर्शन मिति घोषणा गरिएको छ । फिल्मका नायक सौगात मल्लको दुई वटा गेटअप सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मिति पक्का गरिएको हो । यो फिल्मलाई फागुनको १८ गतेबाट नेपालसँगै विश्वभर रिलिज गर्ने तयारी यसको निर्माणपक्षले गरेको छ । यो फिल्म फागुन १८ मा सोलो रिलिज हुनेछ ।

सौरभ चौधरीको लेखन तथा निर्देशनमा तयार भएको यो फिल्मको फस्टलुकमा नायक सौगात मल्ललाई 'सौर्य' पात्रको रूपमा चित्रित गरिएको छ । एउटा लुक्समा सौगातको कसिलो शरीर देख्न सकिन्छ । जहाँ, उनको एक्सन देख्न सकिन्छ । अर्को लुक्समा भने उनी गोरखपुरको रेलवे अगाडि हिडिरहेको देख्न सकिन्छ । यी दुबै लुक्सले सौगात मल्लको भूमिका र उनको अभिनयलाई लिएर आम दर्शकमाझ कौतुहलता पैदा गर्ने निश्चित छ । निर्माणपक्षले दिएको जानकारी अनुसार, यो फिल्मका लागि सौगातले सुरूवातमा करिब २० केजी तौल घटाएका थिए । पछि, फेरि सौगातले १० केजी तौल बढाएका थिए । फिल्मका लागि सौगात मल्लले गरेको मिहिनेत पोष्टरमा प्रष्ट छल्किएको छ ।

फिल्ममा सौगातको साथमा नाजिर हुसेन, मलिका महत्त, प्रमोद अग्रहरि, विजय बराल, रविन्द्र झा लगायतका कलाकारको पनि अभिनय छ । तर, निर्माणपक्षले फस्टलुकमा सौगातको मात्र दुई फरक गेटअप सार्वजनिक गरेको हो । फिल्ममा संजय लामाको छायांकन छ ।

यो फिल्मलाई डार्क हर्स इन्टरटेन्मेन्ट र सेभेन सिज इन्टरटेन्मेन्टको प्रस्तुतिमा तयार पारिएको हो । फिल्ममा प्रकाश मल्ल, अनिष तामाङ र बिनोद पौडेलको लगानी छ । फिल्मका कार्यकारी निर्माता विश्व गौचन र अभिषेक चौधरी हुन् । फिल्मलाई नेपालभर डीसीएनले वितरण गर्नेछ ।

# अशोक र तारासँग सहकार्य गर्दै गीतकार ध्रुब खनाल

म्यूजिक खबर/काठमाडौं

गीतकार ध्रुव खनाल यतिबेला नयाँ गीत लिएर बजारमा आउने क्रममा छन् । साहित्य क्षेत्रको बिबिध बिधा उपन्यास, कथा, कविता एवं गीतमा कलम चलाउँदै आएका छन् । साहित्यकार तथा गीतकार ध्रुव खनालज्यु यतिबेला गीति एल्बमको तयारीमा छन् । भर्खर मात्र उनको शब्दमा संगीतकार तथा संगीत संयोजक अशोक कुमार राईले संगीत भरेका छन् । त्यस्तै सोही गीतलाई तारा श्रीष मगरको स्वरमा रेकर्ड गरिएको छ । "सितल सितल" बोलको गीतको रेकर्डिङ कार्य सबै सकिएको छ ।



गीतकार ध्रुव खनालको साहित्य विधामा दर्जनौं कृतिहरू सार्वजनिक भइसकेका छन् । उनका कृतिहरूमा हृदयपर्सी ब्यथाको संगालोहरूको रोचक संग्रह – २०५८, नौलो मनको सुनौलो बिहानी कविता संग्रह – २०६३, सन्ध्याकालीन उमणग कविता संग्रह – २०६७, ऐतिहासिक नगरी टोखा चण्डेश्वरी उपन्यास संग्रह – २०७२, प्रकृति जिवन्त कामना शान्ती काब्य संग्रह – २०७३, जीवन पर्व गीति कथा संग्रह – २०७३, अग्रेजी कथा संग्रह र थुप्रै पत्र पत्रिका, स्मारिका, रचना प्रकाशन तथा सम्मान उहाँका साहित्यिक रचनाहरू रहेका छन् ।

स्कुलको टाइ, बेल्ट, आइडी कार्ड, मेडल, ट्रफी, मायाको चिनो, सम्मान पत्र लगायत डिजाइन तथा प्रिन्टको काम गरिन्छ ।



Sanidhya Trophy Gallery

Rehdon, Kathmandu, Nepal. 9841710751 / 9851007430

# महत्वाकांक्षी सिरिज 'खेल'को शुभमुर्हत



**म्यूजिक खबर/काठमाडौं**

विश्वका ठुला चलचित्र उद्योगहरूसँग प्रतिस्पर्धामा आउने महत्त्वाकांक्षी नेपाली सिरिज 'खेल'को शुभमुर्हत गरिएको छ । सोमबार बिहान काठमाडौंको कमलादीस्थित गणेश मन्दिरमा सिरिजका निर्देशक, कलाकारहरू तथा प्राविधिकहरूको उपस्थितिमा क्यामेरा र स्क्रिप्ट पूजा गरिएको हो ।

बलिउडका दर्जन बढी चलचित्रमा सह निर्देशन गरेका अनुराग प्रधानले निर्देशन गर्ने यस सिरिजमा अभिनेत्री सुरक्षा पन्तले प्रमुख अभिनय गर्दै छिन् । पन्तसँगै भोला सापकोटा, सरिता गिरी, मोनिका थापा, समापिका गौतम, हेना नगरकोटी, यम प्रसाद ओली लगायतको अभिनय रहनेछ । सिरिज काठमाडौं भित्र करिब एक महिना छायांकन हुनेछ । निर्देशक प्रधानले एक सय वर्ष अगाडीको काठमाडौंको सेटअपमा पुरै सिरिज छायांकन हुने बताए ।

विश्वभर लोकप्रिय रहेको ओटीटी प्लेटफर्म 'नेटफ्लिक्स'को प्राविधिक मूल्यांकनमा आधारित रही बन्ने यो सिरिजको पहिलो सिजन पाँच शृत्लाको हुने प्रधानले बताए । प्रधानले आफूलाई नेटफ्लिक्सले आफ्नो गुणस्तरमा सिरिज बनाई पेस गरेपछि मूल्यांकन गरी रिलिज गर्ने जानकारी दिए । नेटफ्लिक्समा स्ट्रिमिङ भइरहेका केही बलिउड चलचित्रमा काम गरेका उनले नेपाली कन्टेन्टको लागि नेटफ्लिक्सले अग्रिम लगानी नगरी पछि मूल्यांकन गरी रिलिजबारे निर्णय लिने बताएपछि आफूले सोही अनुरूप सिरिजमा काम गरिरहेको बताए । यसको लागि क्यामेरा लेन्स सहित केही छायांकन सामग्रीहरू भारतबाट ल्याइएको बताए ।

पौराणिक र अध्यात्ममा आधारित यो सिरिजमा चार जना साथीहरूको कथा रहनेछ । संसारभर बोलीचालीमा जुनसुकै भाषा प्रयोग हुने भएता पनि चलचित्रको कुनै भाषा नहुने भएकोले 'खेल'लाई विश्वका सबैले हेर्न सक्ने प्रधानले बताए । एक दशक अगाडी बलिउडको चर्चित चलचित्र 'बर्फी'मा इन्टर्न गरी चलचित्र यात्रा सुरू गरेका दार्जिलिङ निवासी निर्देशक प्रधानले बलिउडका चर्चित चलचित्रहरू 'जग्गा जासुस', 'बादशाहो', 'हिटः द फर्स्ट केस' 'धक धक' लगायतका चलचित्र तथा सिरिजमा सह निर्देशन गरेका छन् ।

सिरिज अभिनेत्री सुरक्षा पन्तले आफू पहिलेदेखि नै ओटीटीको वकालत गर्दै आएको बताइन् । उनले अब बन्ने चलचित्र तथा सिरिजहरू हलमा मात्र सीमित हुन नहुने बताउँदै नेटफ्लिक्सको गुणस्तर र लक्ष्यमा बनिरहेको सिरिजमा काम गर्न पाउँदा खुसी रहेको जनाइन् । सिरिजमा आफ्नो भूमिकाबारे बताउँदै उनले भनिन्, "अध्ययनको लागि काठमाडौंको होस्टेलमा बस्ने साथीहरूले अध्यात्ममा आधारित खेल खेल्दै गर्दा वास्तविक जीवनमा हानी पुगेपछि त्यसबाट उम्किनलाई पुनः खेल्ने खेल कथा हो । चार जना केटी साथीहरूको टिमको प्रमुखको रूपमा मैले काम गर्दै छु । कुनै पनि खेललाई निष्ठापूर्वक नखेल्दा हाम्रो जीवनमा कस्तो हानी हुन्छ भन्ने दर्साउन खोजिएको छ ।"

सिरूपाते कट्स प्रालिले निर्माण गर्ने यस सिरिजका निर्माताहरू आशिष राज महर्जन र लेविस राज महर्जन हुन् भने सह निर्माता कुनाल गुरूङ हुन् । निर्माता आशिषको कथामा निर्देशक प्रधानले पटकथा लेखेका छन् । यसका सिनेमाटोग्राफर रोशन राई हुन् । राईले पनि बलिउडका केही चलचित्रमा सिनेमाटोग्राफी टिममा रहेर काम गरेका छन् । सिरिजमा एलेक्स बसुकलाको कस्ट्युम डिजाइन, किशोर नेपालको कला निर्देशन, आस्था श्रेष्ठको सह निर्देशन रहनेछ भने यम प्रसाद ओली प्रोडक्सन विभाग प्रमुख हुन् ।

# चलचित्र 'खजुरे ब्रो' धरानमा प्री प्रोडक्सन हुँदै



**म्यूजिक खबर/काठमाडौं**

निर्देशक सुरज सुनुवारको निर्देशनमा बन्न लागेको चलचित्र 'खजुरे ब्रो' को यतिबेला धरानमा प्री प्रोडक्सनको कार्य धमाधम भई रहेको छ। दिब्य दृश्य इन्टरटेन्टमेन्टको ब्यानरमा बन्न लागेको चलचित्रको युनिट धरानमा लोकेसन हन्टिंग पनि गरि रहेको छ । कमेडी जनरामा बन्ने चलचित्रको लेखन पनि स्वयम् निर्देशक सुनुवारको रहेको छ । सुनुवारले ८ बर्ष अघि चलचित्र 'षडङ्ग'को निर्देशन गरेका थिए ।

नबीन मानन्धर र सुरज सुनुवारले निर्माण गर्ने चलचित्रका कार्यकारी निर्माता डायमण्ड उप्रेती हुन् । शिशिर बिसंखेले छायाँकन गर्ने चलचित्र माघ पहिलो साताबाट फ्लोरमा जानेछ । चलचित्रमा काम गर्ने कलाकार हरूको बारेमा निर्माण टिमले कुनै जानकारी गराएको छैन । निर्माण टिमले धरानका मेयर हर्क साम्पाङ्ग संग भेटेको छ । हर्कले 'खजुरे ब्रो' को कथा सुनेर मज्जाले हाँसेको कुरा कार्यकारी निर्माता डायमण्ड उप्रेतीले बताए । धरानमा छायाँकनको लागी आफ्नो सम्पूर्ण साथ रहने समेत मेयर हर्कले बताएका छन् ।

अहिलेको दर्शकहरूको चाहना अनुसार पूर्ण मनोरंजन दिने उदेश्यका साथ चलचित्र निर्माण गर्न लागेको कलाकार तथा निर्माता नबीन मानन्धरले बताए। चलचित्रमा अनमोल गुरूङको संगीत रहनेछ। प्रकाश भुजेल युनिट प्रोडक्सन मेनेजर तथा प्रदीप भण्डारी लाइन प्रोडुसर रहेका छन् । हेम चन्द्र राई र सतिश राई स्थानीय को-अर्डिनेटर रहेका छन् । चलचित्रको छायांकन इटहरी,धरान, दार्जलिङ र काठमाडौंमा हुनेछ ।


## बर्गीकृत विज्ञापन

## रेकर्डिङ स्टुडियोहरू

१. राग रेकर्डिङ स्टुडियो
न्यूप्लाजा, काठमाडौं फोनः ९८५१२५६६६६

२. आलाप म्यूजिक रेकर्डिङ स्टुडियो
सामाखुशी, काठमाडौं । फोन:९८४९१५५०९७

३. स्टुडियो अडियो ल्याब
अनामनगर पूर्वीगेट, फोनः ९८६३३३१०८०

४. एम.बी. म्यूजिक रेकर्डिङ स्टुडियो
कपुरधारा, काठमाडौं फोनः ९८४१८७९१०५

५. मारुनी डिजिटल रेकर्डिङ स्टुडियो
उत्तरढोका, काठमाडौं फोनः ९८५११४६१५६, ९८१०९३५९५४, ९८०३६९५९००

५. मेलोडी नेपाल रेकर्डिङ स्टुडियो
अनामनगर, काठमाडौं । फोनः ०१-४१०२६४३, ९८५१२३९३०७, ९८४३२९६७५१, ९८४१६९५२८४, ९८४७४२५२६०,

६.प्रिज्म डिजिटल रेकर्डिङ स्टुडियो
बबरमहल, काठमाडौं, फोनः ०१-४२६८६१४

## एरेन्जर

- सुदीप सागर, फोनः ९८५११८८२३७
- झलक संगीतम्, फोन:९८४९१५५०९७
- आशिष अबिरल, फोन:९८५१२५६६६६
- विपिन आचार्य, फोन:९८४१८७९१०५

## दोहोरी साँझ

- गाउँले रोधीघर
मित्रनगर, नयाँबसपार्क
- चाँदनी रोधी नाचघर,
मित्रनगर, नयाँबसपार्क
- डाँडाघरे रोधीघर एण्ड क्लब
मित्रनगर, नयाँबसपार्क

## भिडियो निर्माण कम्पनी

- गुरुआमा फिल्म्स प्रा.लि.
अनामनगर, काठमाडौं । फोन:९८४१११६२६७
- साइभिजन प्रा.लि. अनामनगर
फोनः ४१०२६८४/९८५१११२६४९
- श्रीराज इन्टरटेनमेन्ट, कपुरधारा
फोनः ९८५१२३८२२३

## संगीत प्रशिक्षण केन्द्र

- साधना कला केन्द्र, पुतलीसडक
फोनः ४४४०२२८/४४४०१६८

## बर्गीकृत विज्ञापनका लागि

९८५१००७४३०
९८४१७१०७५१

# गर्भवती अवस्थामा रमाइरहेका शितल र सुशिल



**म्यूजिक खबर/काठमाडौं**

लोकप्रिय गायिका एवं उद्घोषिका शितल शर्मा यतिबेला गर्भवती अवस्थामा रमाइरहेकी छिन् । यो अवस्थामा शितललाई भरपुर साथ दिइरहेका छन् उनका श्रीमान अर्थात् इन्जिनियर एवं राजनीतिज्ञ सुशिलचन्द्र रेग्मीले । सामाजिक सञ्जालमा उनीहरूले गर्भ ९ महिना पुग्नै लाग्दा एक अर्कासँग एकदमै खुशी शेयर गरिरहेका देखिन्छन् । यो समयलाई थप विशेष र मेमोरेबल बनाउनका लागि फोटोसुट समेत गराएका छन् । फोटोसुटमा शितल र शुशील अझ प्रेमील र आकर्षक देखिएका छन् । बुबा-आमा बन्दैछौं भन्ने अनुभव शेयर गर्दा सुशिल र शितल दङ्ग छन् ।



'पहिलो पटक आमा बन्दा बेग्लै अनुभूति र एक प्रकारको डरका साथै खुशी पनि लाग्दो रहेछ'- शितलले भनिन् । यहि भिन्न किसिमको अनुभूति, डर र खुशीलाई जीवनभरका लागि यादगार बनाउनका लागि उनीहरूले बेबी सावर पनि मनाएका छन् । कहिले आफन्तका बीचमा त कहिले साथीहरूका बीचमा । यहि क्रममा सुशिलले शितलका सांगीतिक क्षेत्रका विशेष र निकट साथीहरूको बीचमा 'बेबी सावर' को आयोजना पनि गरिदिए ।

बार्दली रेष्टुरेष्ट अनामनगरमा आयोजना गरिएको बेबी सावरमा शितलका निकटका व्यक्तिहरूको उपस्थिति रहेको थियो । जहाँ सांगीतिक क्षेत्रका लोकप्रिय र चर्चित थुप्रै अनुहारहरूलाई देख्न सकिन्थ्यो । लोकप्रिय गायक बैकुण्ठ महत, लोकप्रिय कलाकार सम्झना बुढाथोकी, निरू खड्का 'ठ्यास कुमारी',लोकप्रिय गायिकाद्वय रिता केसी र एन्जिला रेग्मी, मोडलहरू रिना थापा मगर, उषा सुवेदी, रूबिना अधिकारी, सञ्चारकर्मीहरू सुमन बैरागी पण्डित, सबिता पोखरेल, किस्ना आचार्य रोशनी लगायत अन्य थुप्रै स्थापित र नाम चलेका कलाकारहरूले बेबी सावरमा रमाइलो गरेका थिए ।

गायिकाद्वय रिता केसी र एन्जिला रेग्मीले गीतबाटै शितललाई बधाई तथा शुभकामना दिएका थिए । त्यस्तै कलाकारहरू सम्झना बुढाथोकी, निरू खड्का र सञ्चारकर्मी सबिताले भने शितल र सुशिललाई शब्द गुच्छाद्वारा बधाई र सुरक्षित डेलिभरीको कामना गरेका थिए ।

आमा बन्नुलाई सौभाग्य मानेर पनि यो पललाई अबिष्मरणीय बनाउनका लागि बेबी सावर र फोटोसुट गरिएको शितलले बताईन् । बेबि सावरमा शितलले टु बि मम लेखिएको र सुशिलले टु बि ड्याड लेखिएको स्यास लगाएका थिए । पिच पिंक कलरको कम्बीनेसन भएको ड्रेस लगाएका उनीहरू निकै रोमान्टिक भएका थिए । बेबि सावरमा ब्लु र ग्रीन लगाइनुलाई छोरा हुने संकेत र पिंक कलरको प्रयोग गरिनु छोरीको संकेतको रूपमा बुझिने गरिएको छ । यसर्थ शितलको गर्भमा सानी शितल हुर्किरहेको अनुमान लगाउन सकिन्छ । चाहे सानी शितल हुन् या, सानो सुशिल । जे भए पनि म्यूजिक खबर परिवार सुन्दर धर्तीमा शिशुलाई स्वागत गर्न चाहन्छौं र सुरक्षित डेलिभरीको कामना गर्दछौं ।

पानीजहाज, महारानी, शितलु लगायतका गीतहरू मार्फत प्रशस्तै फ्यान कमाउन सफल भएकी बाग्लुङकी शितल र धादिङका सुशिलको २०७८ साल मङ्सिर २५ गते विवाह भएको थियो ।

# मण्डला नाटक घरमा "पगला घोडा" मञ्चन हुने




म्यूजिक खबर/काठमाडौं

थिएटर आकारको प्रस्तुतिमा मण्डला नाटक घरमा नाटक 'पगला घोडा' मञ्चन हुने भएको छ । नाटकको जानकारी दिने हेतुले निर्माण टिमले थिम पोस्टर सार्वजनिक गरेको छ । नाटक पुस १२ गतेबाट माघ ६ गते सम्म सोमबार बाहेक हरेक दिन मञ्चन हुनेछ साथै शनिबार भने दुई सो राखिएको छ । भारतीय सुप्रसिद्ध नाटककार बादल सरकारको कथा रहेको यस नाटक नेपाली भाषामा अनुवाद गर्दै मञ्चन गर्न लागिएको हो । बादल सरकार १९७० को दशकमा प्रगतिशील, स्थापना विरोधी नाटकहरूका लागि परिचित थिए ।

नाटकलाई निर्देशक घनश्याम श्रेष्ठले निर्देशन गर्दै छन् । पछिल्लो समय विभिन्न कारणले युवा वर्गमा आत्महत्या गर्नेको सत्त्यामा वृद्धि भइरहेको छ । यस संवेदनशील विषयवस्तुलाई दर्शक माझ कला मार्फत सम्बोधन गर्न र यस अवस्थाको बारेमा मानिसहरूलाई सचेत गराउन यस नाटकको परिकल्पना गरिएको उनी बत्ताउँछन् । अहिले समाजमा घटेको घटनालाई दर्शक सामु प्रत्यक्ष रूपमा देखाउनलाई ' पगला घोडा' एक उत्कृष्ट कथा रहेको उनको भनाई छ ।

नाटकमा रङ्गमञ्चका अब्बल कलाकारहरूको अभिनय रहेको छ । कलाकारहरू प्रमोद अग्रहरी, मलिका महत, आशान्त शर्मा, विजय ताम्राकार, बिम्ब अधिकारी लगायत मञ्चमा देखिने छन् । नाटकमा सुष्मा कोइराला सहायक निर्देशक र शंकर भण्डारी स्टेज म्यानेजरको रूपमा रहेका छन् । यस नाटकको नेपाली अनुवाद शिव खाँड ठकुरीले गरेका हुन् । उनलाई अनुवादमा आलेख सुपरिवेक्षकको रूपमा कलाकार तथा निर्देशक आशान्त शर्माले सहयोग गरेका छन् । २०६८ सालमा स्थापना भएको थिएटर आकारले थुप्रै नाटकहरू मञ्चन गरिसकेको छ । 'अनुहार हराएको, बिम्बाको सपना, यो कुनै बास हो एक, बेड नम्बर ९९, तीन बहिनी, सोलो म्युजिकल प्रस्तुति (भरत नाट्यम्) लगायत रहेका छन् । नाटकलाई जोए, मण्डला थिएटर, हाम्रो पात्रो, पठाओ, भिडियो पसल, रमाइलो एप, सानदार क्याफे लगायतले प्रचारमा सहयोग गरेका छन् ।

# ईजाजतपत्र लिएर र नवीकरण गरेर मात्र हल सञ्चालन गर्न अनुरोध

**म्यूजिक खबर/काठमाडौं**

चलचित्र विकास बोर्डले चलचित्र घरहरूले ईजाजतपत्र नवीकरण गरेर मात्र सञ्चालन गर्न अनुरोध गरेको छ । बिहीबार सार्वजनिक सूचना जारी गर्दै बोर्डले नेपालभर सञ्चालनमा रहेका चलचित्र घरहरूले बोर्डबाट लिनुपर्ने ईजाजतपत्र लिई तथा तोकिएको समयभित्र गर्नुपर्ने नवीकरण गरेर मात्र सञ्चालन गर्न सूचित गरेको हो ।

सूचनामा भनिएको छ, "नेपालभर सञ्चालनमा रहेका चलचित्र घरहरूले चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली,२०५७ बमोजिम चलचित्र विकास बोर्डबाट लिनुपर्ने ईजाजतपत्र लिई तथा तोकिएको समयभित्र गर्नुपर्ने नवीकरण गरी गराई अद्यावधिक रहेर मात्र चलचित्र घर सञ्चालन गर्नु गराउनुहुन सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।" बोर्डले सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा चलचित्र घर/चलचित्र प्रदर्शन ईजाजतपत्र अद्यावधिक रहेको कागजात बोर्ड समक्ष पेस गर्न अनुरोध गरेको छ । सो अवधिभित्र कागज प्रमाण पेस नगर्ने चलचित्र घरहरूको सन्दर्भमा प्रचलित कानुन बमोजिम कारबाही हुने सूचनामा उल्लेख छ ।






# मानव सेवा गर्दै रश्मिलाज फेसियल हाउस एण्ड ब्युटी केयरको १६ औं बार्षिकोत्सव



म्यूजिक खबर/काठमाडौं

पुरानो फेसियल हाउसको रूपमा परिचित 'रश्मिलाज फेसियल हाउस एण्ड ब्युटी केयर' अनाथ असाहायहरूलाई सहयोग गर्दै आफ्नो १६ औं बार्षिकोत्सब मँगलबार मनाएको छ । रश्मिलाज फेसियल हाउसले आफ्नो १६ औ बार्षिकोत्सब पौष १० गते काठमाडौँको गोंगबू टाउन प्लानिङ अबस्थित मानब सेवा आश्रममा आश्रित ५६ जना बृद्धा असक्त आमाहरू र अनाथ बालबालिकाहरूलाई मिष्ठान्न भोजन गराएको छ । सो क्रममा त्यहाँ रहेका व्यक्तिहरूका लागि विभिन्न खाद्य सामग्री प्रदान गरेको छ ।

आर्थिक मन्दीले गर्दा ब्यापार व्यवसायमा प्रतक्ष्य असर पारिरहेको कारण पनि यसटक बिगतको जस्तो औपचारिक कार्यक्रम गर्नु भन्दा सामाजिक कार्य गरेर वार्षिक उत्सब मनाएको 'रश्मिलाज फेसियल हाउस एण्ड ब्युटी केयर'का सँरक्षक प्रकाश कुमार श्रेष्ठले बताए,'यतिबेला दिदी बित्नु भएका हामी शौकमा रहेका पनि मानव सेवामा पुगेर सामाजिक कार्यसहित वार्षिक उत्सब मनाएका हौं ।' सो कार्यक्रममा रश्मिलाज फेसियल हाउसको बारेमा प्रस्ट्याउदै हाल ६० जनालाई प्रत्यक्ष रोजागरी प्रदान गरेको र हजारौंलाई शिपमुलक तालिम दिईएको संरक्षक प्रकाश कुमार श्रेष्ठले बताए,'रश्मिलाज फेसियल हाउस एण्ड ब्यूटी केयर सौन्दर्य प्रति सचेत महिला पुरूषको लागि एकमात्र भरपर्दो गन्तव्य बनेको छ । जहाँ दक्ष अनुभवी सौन्दर्यकर्मीहरूबाट सेवा लिन पाउनेछन् ।' उनले अगाडि थपे,'रश्मिलाज फेसियल हाउसले सौन्दर्य सम्बन्धि बिशेष प्याकेजको व्यवस्थाको साथै तालिम पनि दिदैं आएको छ । सम्पुर्ण सुबिधा सम्पन्न रश्मिलाज फेसियल हाउसमा शान्त र पारिवारिक वातारणमा ग्राहकले आफ्नो सेवा लिन पाउनेछन् ।'

महिला तथा पुरूष ग्राहकहरूको लागि खोलिएको गुणस्तरलाई नै पहिलो प्राथमिकता दिदै आएको रश्मिलाज फेसियल हाउसमा फेसियल, स्किन मेन्टेन, हाईड्रा फेसियल, हाईफो फेसियल, नेल आर्ट, रिंकल कन्ट्रोल, दाग कन्ट्रोल, स्पेशल डिजाइनमा हेयर कटिङ्ग, हेयर कलरिङ, हेयर बोटक्स तथा केराटिन ट्रिटमेण्ट, चायाँ पोतो हटाउने, ट्याटु हटाउने आदि सेवाहरू प्रदान गर्दै आएको रश्मिलाज फेसियल हाउसकी अध्यक्ष एवम् बरिष्ट ब्यूटिसियन रश्मिला श्रेष्ठले सो कार्यक्रममा बताईन् ।

अन्तर्राष्ट्रिय स्तरको प्रबिधि र सेवामुलक रश्मिलाज फेसियल हाउस एण्ड ब्युटी केयर बिगत १६ बर्ष अघि स्थापित भएको हो । रश्मिलाज फेसियल हाउस एण्ड ब्युटी केयर, काठमाडौँ मल सुन्धराको पहिलो र चौंथो तल्ला पसल नं -११८ र ४०१, बिजी मल, गोंगबू चौंथोतल्ला र बुद्धमल बालाजुको पहिलो तल्ला सहित चारवटा शाखाहरू रहेको पनि उनले जानकारी गराईन् ।

# क्या. नारायणप्रसाद राईको कृति 'लाहुरे'




म्यूजिक खबर/काठमाडौं

साहित्यिक पत्रकार संघले क्याप्टेन नारायणप्रसाद राईको संस्मरण कृति "लाहुरे"को हिजो प्रज्ञा भवनमा लोकार्पण कार्यक्रमको आयोजना गऱ्यो । सो कृतिको लोकार्पण कार्यक्रमका प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँतीले गर्नु भएको थियो । साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीको सभापतित्वमा आयोजना गरिएको सो कार्यक्रममा अधिववक्ता जीवनकुमार राईद्वारा सम्पादित "लाहुरे" कृतिको समीक्षा वरिष्ठ इतिहासविद् प्रा.डा.सुरेन्द्र के.सी.ले गर्नु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै मन्त्री किराँतीले मानव जीवनको तीन आविष्कार आगो, खेती र अक्षर भएको र विश्वमा वर्षमा ४० लाख विभिन्न पुस्तकहरू छापिने गरेको भन्ने तथ्याङ्क पाइएको सन्दर्भमा लेखक राईको यो पुस्तकले पनि महत्त्व राख्छ भन्ने विचार राख्नु भएको थियो । कृतिका समीक्षक प्रा.डा.सुरेन्द्र के.सी.ले तत्कालीन ब्रिटिश सरकारबाट सुरू भएको लाहुरे संस्कृति हालसम्म कायम रहेको छ भन्दै हाल रसिया र युक्रेनमा सेनामा पुग्ने नेपालीहरूको दृष्टान्त दिंदै नेपाली–नेपाली बीच नै लडाइँ गराइरहेको बताउनु भयो ।

पुस्तकका सम्पादक जीवनकुमार राईले ब्रिटिश सरकारले गोर्खाली सेनालाई पहिलो र दोस्रो विश्वयुध्दमा भरपुर प्रयोग गरेको बताउँदै गोर्खाली सेनाकै कारण ब्रिटिश र नेपालको बीच मैत्रीपूर्ण सम्बन्ध रहेको र गोर्खाली सेनाले नै विश्वमा नेपालको पहिचान गरेको बताउनु भयो ।

लेखकीय मन्तव्य राख्दै क्याप्टेन नारायणप्रसाद राईले आफूले पढेर भन्दा पनि परेर जानेको यथार्थ बताउँदै जीवनमा भोगेका कुराहरूलाई स्पष्ट राखेको बताउनु भएको थियो । कार्यक्रममा साहित्यिक पत्रकार सङ्घकी सदस्य समालोचक डा. शान्ति माया गिरीले लेखकको संक्षिप्त परिचय दिंदै स्वागत मन्तव्य राख्नु भएको थियो । सोही कार्यक्रममा लेखकका मित्र मेजर भुवनसिंह लिम्बुले शुभकामना मन्तव्य राख्नु भएको थियो । सभापतिको आसनबाट साहित्यिक पत्रकार सङ्घका अध्यक्ष राधेश्याम लेकालीले ब्रिटिश सरकारले गोर्खाली सेनामा नयाँ भर्नामा समानता देखाए पनि पुरानोलाई भेदभाव पूर्ण व्यवहार गरेको बताउनु भएको थियो ।

कार्यक्रममा क्याप्टेन नारायणप्रसाद राई र पुस्तकका सम्पादक जीवनकुमार राईलाई सम्मान पनि गरिएको थियो । यसैगरी प्रमुख अतिथि मन्त्री सुदन किराँती, समीक्षक प्रा.डा.सुरेन्द्र के.सी, मेजर भुवनसिंह लिम्बु, कार्यक्रम संचालिका प्रमिला राई, जेष्ठ नागरिक श्रीमती चन्द्रकुमारी राई, पुस्तकका भाषा सम्पादक भावेश भुमरी, समालोचक डा. शान्तिमाया गिरीलगायतलाई मायाको चिनो प्रदान गरिएको थियो ।

यसैगरी साहित्यकारहरू हिरण्यकुमारी पाठक, नरेन्द्रबहादुर श्रेष्ठ, शेखर ढुंगेल, गोमा रेग्मी, विष्णु थापा, नीता श्रेष्ठ, डा. बुनु दाहाल, सुवासचन्द्र ढुंगेल, हरि गिरीलगायतलाई पनि मायाको चिनो प्रदान गरिएको थियो । कार्यक्रममा साहित्यकारहरू श्रीओम श्रेष्ठ, प्रा. डा. गोविन्दमान सिंह कार्की, यज्ञराज उपाध्याय, मदन राई, मन्जिला अनिल, नन्दु उप्रेती, प्रकाश घायल, ध्रुव मधिकर्मी, लाक्पा फुटी शेर्पा लगायतको उपस्तिथि रहेको थियो ।


## चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्यावाट बच्न

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान, मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
- शारीरीक व्यायमलाई निरन्तरता दिऔं,
- दम, हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गरौं,
- चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह बमोजिम गरौं

जाडोको जोखिमबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मोडलिङभन्दा गायनमा खुशी गायिका सन्जु

■ म्यूजिकखबर/काठमाडौं

नेपाली गायन क्षेत्रमा स्थापित गायिका हुन् सन्जु न्यौपाने। करीब एक सयभन्दा बढी गीतमा स्वर दिएरकी गायिका न्यौपानेको केही गीत करोड क्बलमा छन्। लाहुर, चाँदी कहाँ होला जस्ता लोकप्रिय गीत उनको जीवनको खुशी थप्ने गीतहरू हुन् ।

सानैदेखि गीत संगीत भनेपछि भुतुक्क हुने सन्जु २०५० साल फागुन २ गते स्याङ्जाको निवुवा खर्कमा जन्मिएकी हुन् । सांगीतिक क्षेत्रमा नै आफ्ना पाइलाहरू चाल्दै आएकी सन्जुलाई गायिका भनेर चिनाउने गीत भने 'डाली नुहेछ, हेर्दा हेर्दै बिहे गर्ने उमेर पुगेछ' हो । उनले दर्जनौं म्यूजिक भिडियो, केहि टेलिफिल्महरूमा समेत अभिनय गरिसकेकी छिन्। त्यस्तै ठुलोपर्दाको चलचित्र 'निर्भय'मा समेत उनले आफ्नो कला कौशल प्रस्तुत गरेकी छिन्।

संगीतक्षेत्रमा समर्पित भएको छोटो समयमा नै देश तथा विदेशका विभिन्न कार्यक्रमहरूमा समेत प्रस्तुति दिएकी सन्जु गायन र मोडलिङ्मा एकसाथ अघि बढिरहेकी छिन्। तर उनलाई मोडल भन्दा गायिका भन्दा आनन्द आउने गर्छ। हुन त उनले मोडलिङ्भन्दा बढी गायनमा नै व्यस्त छिन् । गायन सँगसँगै आफ्ना गीतहरूमा मोडलिङ गरेकी उनले गीत गाउनु आफ्नो कर्म भएको बताउँछिन्।

सानैदेखि गीत संगीत भनेपछि भुतुक्क हुने सन्जु २०६८ सालमा एसएलसी दिएर शसस्त्रको जागिरमा जोडिन पुगिन् । शसस्त्रको जागिर मार्फत करिव ३ वर्षको समय उनले नवलपरासीमा बिताइन्। जागिरे जीवनमा रहँदै गाना बजानाप्रति आकर्षित बनेकी सन्जुलाई दिदी जमुना गैरेले गरेको साथ र सहयोगले पनि झन् बढी यो क्षेत्रमा दिगो समर्पण गराएको बताउँछिन् । सशस्त्रको जागिर छाडेर गायनमा होमिएकी सन्जु अहिले आफूलाई खुशी मिलेको महसुस गर्छिन् ।

उनको स्वरमा रहेका गीतहरू यसपाली तीजमा दर खाने, छोम्रोङ्ग गाउँकी नानी, टिकिया टलल, लाहुर, चाँदी कहाँ होला, यसपाली तिजमा घर आउँछु, लामो कपाल, हो आमा हो, धुरूधुरू, डालीमा फूल छैन, खरानी, दायाँबायाँ, उमेर पुगेछ, लाहुरेले, मोटर पुग्यो घान्द्रुक गाउँमा, कहिले बस्ला घर लगायतका रहेका छन् । उनका लागि धेरै गीत गाएर पनि खेम सेन्चुरीसँग गाएको लाहुर गीत र रविन लामिछाने सँग गाएको चाँदी कहाँ होला गीत जीवनमा गायिकाको छाप छोड्न सफल भएका गीत हुन् । दर्जनौं गीतका अगाडी आत्मसन्तुष्टि दिने गीत र गायिका सन्जु न्यौपाने भनेर चिनाउने गीतका रूपमा लिने गर्छिन्।



नेपाल चर्चित गायकहरूसँग सहकार्य गरिसकेकी उनले पछिल्लो समयमा भने पञ्चेबाजाको गीत बजारमा ल्याउने तयारी गरिरहेकी छन्। राग स्टुडियोमा रेकर्डिङ भएको उक्त पञ्चेबाजा गीतमा उनले पशुपति शर्मासँग स्वरमा साथ दिएकी छन् । आरबी सेन्चुरीको शब्द तथा संगीत रहेको उक्त गीतमा आशिष अबिरलको संगीत संयोजन रहेको छ। राग स्टुडियो न्यूप्लाजामा रेकर्डिङ भएको यो पञ्चेबाजाको गीत माघलाई लक्षित गरी सार्वजनिक हुने तयारीमा रहेको छ।

गायिका सन्जुले दर्जनौं अवार्ड तथा सम्मान समेत हात पारिसकेकी छन् । कतारमा सम्पन्न भएको स्टार इन्टरनेशनल अवार्ड, भारतमा प्रदान गरिएको शान्ति दूत अवार्ड, औद्योगिक शान्ति नेपाल म्यूजिक अवार्ड २०७६, नेशनल इन्टरटेनमेन्ट अवार्ड २०२१, ओएस नेपाल म्यूजिक अवार्ड २०७६, राष्ट्रिय इपिक नेपाल म्यूजिक अवार्ड २०७५, मेगा तीज म्यूजिक अवार्ड २०७६ लगायतका अवार्डहरू पाइसकेकी छन् । त्यस्तै म्यूजिक खबरको सातौं वार्षिकोत्सवको अवसरमा 'म्यूजिक खबर गायन सम्मान-२०८०'बाट सम्मानित भइसकेकी छन्।









म्यूजिक खबर पाक्षिकका लागि प्रकाशक/सम्पादक: सविता पोखरेल (९८४१७१०७५१), प्रधान सम्पादक: सुमन बैरागी (९८५१००७४३०), निर्देशक: मिलन मोक्तान (९८५१०२३५७६)
कार्यालय: कपुरधारा, काठमाडौं । फोन: ०१-४०१०५४५ इमेल: musickhabar .com@gmail .com, musickhabarnews@gmail .com, मुद्रण: लक्ष्मी गणेश प्रेस प्रा.लि. बागबजार काठमाडौं